# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जेष्ठ नागरिक भन्नाले ६० (साठी) बर्ष उमेर पूरा गरेका नेपाली नागरिकलाई जेष्ठ नागरिक भनिन्छ ।जेष्ठ नागरिकहरू परिवारका सदस्य मात्र नभई राज्यका अभिन्न अंग पनि हुन । वृद्ध उमेरले शारीरिक र मानसिक दुई प्रकारले कमजोर हुने गर्दछ ।जीवनको एक लामो कालखण्ड देश, समाज र परिवारको निम्ति अर्पित भएका जेष्ठ नागरिकहरू पछिल्लो पुस्ताको निम्ति आदर्श मार्ग पनि हुन् । जेष्ठ नागरिकका लागि परिवार, समुदाय र राज्यले विशेष ध्यान दिन सक्नुपर्दछ । घरपरिवारका सदस्यले यथोचित माया, ममता, प्रेम र समय दिनुपर्दछ । घर परिवार वरपरको भौतिक वातावरण व्यवहार वृद्धमैत्री तुल्याउने, जेष्ठ नागरिक दिवा सेवा, केन्द्र वृद्धाश्रम, हेरचाह केन्द्र आदि संस्थामा कार्यरत जनशक्तिलाई परम्परागत एवम् आधुनिक रेखदेख, स्याहार र चिकित्सा पद्दतिबारे प्रशिक्षित गर्ने व्यवस्था हुनुपर्दछ । साथै सँधै निरन्तर रूपमा तन, मन, धनले जेष्ठ नागरिकको हेरचाह गर्नु नै राज्य र परिवारको दायित्व हो ।

जेष्ठ नागरिकमा सवाल विश्वकै ज्यादै महत्वपुर्ण तथा चुनौतिपुर्ण बन्न पुगेको छ। विगतका केही दशक यता ज्येष्ठ नागरिकको जनसख्यामा क्रमशः बृद्धि हुदै आइरहेको छ । वृद्धवृद्धा र सामाजिक भत्ता बिचको सम्बन्ध विभिन्न राष्ट्र तथा संघ संस्थाहरूले सामाजिक, आर्थिक, राजनीतिक तथा वैज्ञानिक सबै तबरले ज्येष्ठ नागरिकका बारेमा सवाल उठाएको पाईन्छ । ज्येष्ठ नागरिकको संख्यामा वृद्धि हुनुमा मृत्युदर घट्नु तथा औषत आयु बृद्धि हुनु साथै स्वास्थ्य, सुविधा, राम्रो खाना आदि कारण हुन्*(दोरङ्गा,२००७) ।*

आजको एक्काइसौं शताब्दीमा विश्वमा बृद्धहरूको संख्या बढेको छ। यसको कारण बालबच्चा र प्रौढको संख्यामा कमि आएको छ । मृत्युदर घट्नु साथै सामाजिक स्वास्थ्यमा सुधार आउनको फलस्वरूप विश्वव्यापी रूपमा बृद्धाहरूको संख्या बढ्दै गइरहेको छ । यसबाट नेपाल पनि अछुतो छैन । नेपालमा ६० वर्ष भएका मानिसलाई बृद्धभनिन्छ । नेपालको जनगणना अनुसार कुल जनसंख्याको ६.५ प्रतिशत जनसंख्या बृद्धहरू छन् । जनगणना सन् २०११ का अनुसार जनसंख्यामा करिब २५ लाख भन्दा बढी बुढ्यौलीतिर संक्रमण हुँदै गएको छ । अनुपातको हिसाबले ८.१ प्रतिशत रहेको छ । तिब्र जनसङ्ख्या बृद्धिहुँदै गर्दा सरकारले यसलाई घटाउने प्रयास गर्‍यो । जसको फलस्वरूप बद्धहरूको जनसंख्या बढ्दै गयो (*चालिसे, २००६) ।*

नेपालको जेष्ठ नागरिक ऐन २०६३ अनुसार ६० वर्ष माथिका मानिसलाई जेष्ठ नागरिक भनिए पनि उमेर र सेवा सम्बन्धमा नेपालमै केही भिन्नताहरू रहेका छन् । यसले पनि केही क्षेत्रहरूमा जेष्ठ नागरिक रहँदा पनि सेवामा अवसर प्राप्त भएका देखिन्छन् भने केही क्षेत्रमा सेवा निवृत्त हुने वितिकै जेष्ठ नागरिक हुने अवस्था सृजना भएको छ । नेपाल सरकारले निजामति सेवामा ५८ वर्षलाई  अवकासको उमेर मानेको छ भने सयुंक्त राष्ट्र संघले पनि ६० वर्ष उमेर पुगेकालाई अवकास दिने गर्दछ । त्रिभुवन विश्वविद्यालयमा ६३ वर्ष र त्यस्तै जिल्ला तथा पुनरावेदन अदालतका न्यायधीसका लागि ६३ र सर्वोच्चका न्यायधीसका लागि ६५ वर्षलाई उमेर हद राखिएको छ। यस्तै संवैधानिक निकायमा ६५ वर्ष उमेर हद राखिएको छ र ७५ वर्ष नाघेपछि सामाजिक सुरक्षा भत्ता पनि सरकारबाट उपलब्ध हुन्छ ।संयुक्त राष्ट्र संघले पनि आफनो आर्थिक कार्यक्रममा जेष्ठ नागरिकको कार्यक्रम जस्तो बृद्धवर्ष र जुन १५ लाई विश्व ज्येष्ठ नागरिक दुर्व्यहार विरूद्धको चेतना कार्यक्रमको रूपमा मनाउने गर्दछ । *(अधिकारी, २०१३) ।*

जेष्ठ नागरिकहरू परिवार, समाज तथा राष्ट्रका अमुल्य निधि हुन् । जेष्ठ नागरिकहरूका अनुभव, सीप र ज्ञानबाट परिवार,समाज र राष्ट्रले धेरै फाईदा लिन सक्छन् । वि.स.२०५८को जनगणनामा कुल जनसंख्याको ६.५ प्रतिशत अर्थात झण्डै १५ लाख भन्दा माथि पुगेको छ । जेष्ठ नागरिकहरूको संख्या बढ्ने क्रममा छ। स्वास्थ्य क्षेत्रमा भएको सुधारका कारण मृत्युदरमा आएको कमि र औसत आयुमा बृद्धि भई आउँदा दिनहरूमा जेष्ठ नागरिकको संख्या बढ्ने देखिन्छ *(महत, २०६२)।*

बृद्धअवस्था मानव जीवनको महत्वपुर्ण अवस्था हो । जुन अवस्था विभिन्न आरोह अवरोध पार गरेपछि आउने सबैभन्दा पछिल्लो अवस्था हो । यो मानव जीवनको चक्र नै रहेको छ ।बृद्ध अवस्थालाई रोक्न र परिवर्तन गर्न सकिदैन । मानिस जब जन्मन्छ उसको बाल्यकाल शुरू हुन्छ । त्यस अवस्थामा उसको हेरचाह, स्याहार - सुसार आमा बाबुबाट हुन्छ । जब ऊ वयस्क हुन्छ तब आफैं सक्षम बन्दै जान्छ ।उसलाई अरूको हेरचाहको जरूरत पर्दैन । जब मानिस प्रौढतिर हुन्छ उसका इन्द्रियहरू शिथिल हुँदै जान्छन् । पुर्ण रूपमा अरू माथि आश्रित हुन बाध्य हुन्छ । योबृद्ध अवस्था स्वभाविक एवम् प्राकृतिक प्रक्रिया हो । *(शर्मा , २०६९) ।*

### १.२ समस्याको कथन

वर्तमान आधुनिक समाजको सम्पुर्ण गतिविधिहरू प्रत्यक्ष रूपमा आर्थिक पक्षसंग जोडिएको पाइन्छ । आर्थिक अवस्था कमजोर भएका वृद्ध वृद्धाहरूले प्राप्त गर्नुपर्ने स्याहार, सुसार, सम्मान र सत्कार प्राप्त गर्न सकेका छैनन् । शोधमा जेष्ठ नागरिकहरूको

जीवनयापनमा भोल्नु परेको कठिनाईहरू आर्थिक, सामाजिक, धार्मिक र आश्राममा आश्रित हुनपरेको पीडालाई समावेश गरेका छन् । सरकारले दिने जेष्ठ नागरिक भत्ताप्रति जेष्ठ नागरिकको दृष्टिकोण बारेमा अध्ययन नभएको हुँदा मैले यस विषयलाई मेरो शोधपत्रमा समावेश गरिएको छ ।

जेष्ठ नागरिकको सम्मान र संरक्षण स्वरूप उनीहरूको जीवनमा केही राहत मिलोस, जीवनयापनमा केही सहज र सरलता पुगोस् भन्ने उद्देश्यका साथ नेपाल सरकारले वि.स. २०५१ साल देखि ७५ वर्ष पुरा भएर ७६ वर्षमा प्रवेश गरेका जेष्ठ नागरिकहरूलाई भत्ता दिन शुरू गऱ्यो । समय र सरकारको सँगै जेष्ठ नागरिकहरूले हाल रू.४००० मासिक दरले भत्ता पाउँदै आएका छन् । प्रस्तुत अध्ययनको लागि निम्न अनुसन्धनात्मक प्रश्नहरूको उठान गरी तिनीहरूको समाधान खोज्ने प्रयास गरिएको छ ।

१. जेष्ठ नागरिकहरूले राज्यबाट प्राप्त सामाजिक सुरक्षाभत्ता कस्ता शीर्षकहरूमा खर्च /प्रयोग गर्ने गर्दछन्?

२. सामाजिक सुरक्षा भत्ताले जेष्ठ नागरिकहरूको जीवनमा कस्तो प्रभाव परेको छ ?

३. जेष्ठ नागरिक भत्ताको रकमले उनीहरूको न्यूनतम आवश्यकता परिपुर्तिको अवस्था कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्यहरू

सामाजिक सुरक्षा भत्ता अन्तर्गत प्राप्तज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताले ज्येष्ठ नागरिकहरूको जीवनयापनमा परेको प्रभावको अध्ययन गर्नु प्रस्तुत अध्ययनको सामान्य उद्देश्य रहेका छन् भने विशिष्ट उद्देश्यहरू निम्न रहेका छन् ।

१. सामाजिक सुरक्षा भत्ता र ज्येष्ठ नागरिककोजीवनशैली बिचको सम्वन्ध अध्ययन गर्ने ।

२. भत्ताको प्रयोगको अवस्था पत्ता लगाउने ।

३. ज्येष्ठ नागरिकहरूलाई दिने सामाजिक सुरक्षा भत्ता प्रतिको दृष्टिकोणको जानकारी लिने ।

## १.४ अध्ययनको महत्व

एक्काइसौंशताब्दीमा विकासले मानव जीवनमा सहजता र सरलता ल्याएको छ ।सामाजिक सुरक्षाको अभ्यास आधुनिक प्रजातान्त्रिक मुलुकहरूको लोककल्याणकारी राज्य स्थापना गर्ने नीतिसँगै बढ्दै गइरहेको पाइन्छ । हरेक देशको जनसंख्यामा महिला, बालवालिका, बृद्ध, अपाङ्ग,अशक्त तथा आर्थिक सामाजिक रूपले पिछाडिएका वर्गको ठुलो

अंश हुने गरेको छ । यस्तो वर्गको उत्थान गर्ने हरेक लोककल्याणकारी राज्यको एक प्रमुख उद्देश्य हुँदै आएको छ । वास्तवमा सबै जनताहरूलाई समान किसिमको सेवासुविधा र अवसरले संधै न्याय
गर्दैन । अत : विशेष समस्या र कठिनाई भएको वर्गलाई विशेष प्राथमिकता र सहुलियतका साथ हेर्नु एक लोककल्याणकारी राज्यको दायित्व हुन्छ । सामाजिक सुरक्षाको अभ्यासले समाजमा शन्ति, सुव्यवस्था, आर्थिक, समानता,सामाजिक न्याय तथा सद्भाव कायम गर्न ठुलो सघाउपुग्दछ । यसकारण सामाजिक सुरक्षाको महत्व दिनानुदिन वढ्दै गएको पाइन्छ ।

जेष्ठ नागरिकका स्वास्थ्य क्षेत्रमा आएको परिवर्तनले मानिसको औषत आयूमा बृद्धिगराई दिएको छ । विगतको तुलनामा मृत्युदर र प्रजनन् दर क्रमश घटदै गइरहेको छ । विज्ञान प्रविधि र शिक्षाले यो सम्भव भएको हो । पुँजीवाद, औद्योगिकीकरण, सहरीकरण, पश्चिमीकरण र आधुनिकीकरणले मानिसलाई क्रमश व्यक्तिबादी बनाउँदै लागेको छ । यस्तो परिवेशमा बृद्धहरूलाई परिवारका सदस्य, समुदाय, समाज र राष्ट्रले उचित स्थान दिन सकेको छैन । त्यसकारण बृद्धहरूलाई एक्लोपन र बोझ भएको अनुभव भइरहेको छ । समान, सामाजिक संरचना र परिवारिक संरचनामा आएको परिवर्तनले गर्दा जेष्ठ नागरिकको जीवनमा नकारात्मक असर पुऱ्याएको छ । सरकारले प्रर्याप्त मात्रामा नागरिकहरूको सेवा, सुरक्षामा लगानी गर्न सकेको छैन । परिवारको सदस्यले पनि ज्येष्ठ नागरिकहरूको आधारभुत आवश्यकता परिपुर्ति नगरी दिने र राष्ट्रले पनि उचित संरक्षण दिन नसक्दा वर्तमान समयमा ज्येष्ठ नागरिकको अवस्था अत्यन्तै दयनीय बन्दै गएको छ ।सरकारले दिने ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताबाट ज्येष्ठ नागरिकहरूको जीवनमा कस्तो खालको प्रभाव परेको छ । उनीहरूको न्युनतम आवश्यकता परिपुर्ति गर्नमा भत्ताले कस्तो भुमिका निर्वाह गरेको छ ।

## १.५ अध्ययनको सिमा

प्रस्तुत अध्ययन स्नातकोत्तर तह दोस्रो वर्ष शोध पत्रकोप्रयोजनका निमित्त तयार गरिएको छ । अध्ययनको समय सिमा तथा सिमित खर्च भित्र आंशिक आवश्यकता र परिस्थितिकोअध्ययनलाई निष्कर्षमा पुऱ्याउने बाध्यता आफ्नो ठाउँमा रहेको छ । अध्ययनमा खास गरी पोखरा महानगरपालिका वडा नं.४ अर्न्तगत पर्नेगणेशटोल, गैहापाटन, रामकृष्णटोल, महेन्द्रपुल,नालामुख, भैरबटोल, गोपालजी मार्ग,तेर्सापट्टि र अन्य टोलहरू मिलेर ९वटा टोलहरूमा बस्ने ज्येष्ठ नागरिकहरूलाई सरकारले उपलब्ध गराउने ज्येष्ठ नागरिक भत्ताप्रति जेष्ठ नागरिकको दृष्टिकोण बारेमा अध्ययन केन्द्रित रहेको छ ।

### समेटिएका कुराहरू

अध्ययनको क्रममा नेपाली नागरिकतामा निर्धारित उमेरको आधारमा ७० बर्ष भन्दा माथिका बृद्धभत्ता लिएका ज्येष्ठ नागरिकहरूलाई समावेश गरिएको छ ।

**समेट्न नसकिएका कुराहरू**

अध्ययनको क्रममा सबै उत्तरदाताहरूलाई भेट्न सकिएन । केही उत्तरदाताहरू देश बाहिर छोराबुहारीसँग घुम्न गएका, केही उत्तरदाताहरू तीर्थयात्रा गएका र केही उत्तरदाताहरू माइत गएको पाइएको थियो । भेटन असम्भव भएका उत्तरदाताहरूको विवरण उनीहरूको घर परिवारका अन्य सदस्यहरूको सहयोग र अनुसूचीको माध्यमबाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## १.६ अध्ययनको सङ्गठनात्मक ढाँचा

प्रस्तुत अध्ययनलाई मुख्यतयः सात अध्यायमा विभाजन गरिएको छ । अध्याय एक परिचय राखिएको छ । जस अन्तर्गत पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा र अध्ययनको सङ्गठनात्मक ढाँचा राखिएको छ । अध्याय दुईमा सैद्धान्तिक अवधारणा, पुर्व साहित्य समिक्षा जस अन्तर्गत बुढ्यौलीसँग सम्बन्धित सिद्धान्त, सामाजिक सुरक्षा भत्ताको राष्ट्रिय र अन्तर्राष्ट्रिय इतिहास, ज्येष्ठ नागरिक सम्बन्धी नेपालमा भएका प्रयासहरू र ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०७२ समावेश गरिएका छन् । अध्याय तीनमाअनुसन्धानको पद्दति समावेश छ । अध्याय भित्र अध्यायन क्षेत्र छनोटको औचित्य,जनगणना विधि, अनुसन्धानको ढाँचा, समग्र अध्ययन विधि, तथ्याङ्कको प्रकृति र तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणलाई समावेश गरिएको छ । अध्याय चार अन्तर्गत उत्तरदाताहरूको सामाजिक पृष्ठभूमि समावेश गरिएको छ । अध्याय पाँच अन्तर्गत उत्तरदाताहरूको भत्ताप्रतिको दृष्टिकोण समावेश गरिएको छ । अध्याय छ अन्तर्गत ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र प्रभाव समावेश गरिएको छ । अध्याय सातमा निष्कर्ष राखिएको छ जस अन्तर्गतअध्ययनको सारांश, मुख्य प्राप्तिहरू र निष्कर्ष राखिएको छ ।

# अध्याय :दुई
# पुर्व साहित्यको समिक्षा

## २.१ सैद्धान्तिक अवधारण

अध्यायनको लागि सैद्धान्तिक समिक्षा ज्येष्ठ नागरिकको अवधारणा पनि एक हो । बृद्ध/बुढ्यौलीज्येष्ठ नागरिक अन्य सामाजिक घटनाहरू जस्तै विश्वव्यापिकरण हुँदै आएको छ । २१ औं शत्ताब्दीमा प्रायःजसो देशहरूमा यो मुख्य चिन्ताको विषय बन्दै गएको छ । वुढ्यौली समाज मानव विकासको एक असिमित चक्र रहेको छ। समाजशास्त्रीहरूले यस बिषयलाई आधुनिकताको रूपमा जनाउन सक्छन् । सार्वजनिक स्वास्थ्यको दृष्टिकोणबाट बुढेसकाल एक महामारी र डेमोग्राफिक परिवर्तन वा स्वास्थ्य सक्रमणको एक संयोजन हो । यो सक्रमणले शिशु वाल र मातृ मृत्युदरमा परिवर्तन भएको छ । जसले गर्दा वृद्धहरूको जनसंख्या वढ्दै गएको छ । यो सकमण पहिले युरोप र उत्तरी अमेरिका समाजहरूमा देखा पर्यो त्यसपछि जापान दक्षिण कोरिया र सिंगापुर जस्ता देशहरूमा देखापर्‍यो । द्रुत परिवर्तनको परिणाम हालसालै चीन इकाडोर र दक्षिण अफ्रिका जस्ता मध्यम आय भएका देशहरूमा देखा परेको छ। *(पार्कर, २०१४) ।*

नेपालमा ६० वर्ष भन्दा माथिको उमेर समुहलाई वृद्धको रूपमा लिइन्छ । जनगणना सन् २०५१ मा वृद्धहरूको जनसंख्या ५.०% थियो । सन् १९९१ मा बृद्धहरूको जनसंख्या ५.८% ले वृद्धि भएको पाईयो । त्यसैगरी सन् २००१ मा बृद्धहरूको जनसंख्या ६.५% वृद्धि भएको पाइयो भने सन् २०११ सम्म आईपुग्दा यो संख्या ८.१% पुगेको पाइयो । यसरी हेर्दा सन् २००१ र २०११ बीचमा बृद्ध उमेर समुहको जनसंख्या तीव्र रूपमा बृद्धिभएको देखिन्छ । *(Shrestha, 2012)* .

## २.२ पुर्व अध्ययनको समिक्षा

पुर्व अध्ययनको समिक्षा पुनरावलोकन अध्ययनको महत्वपुर्ण पाटो हो । सम्वन्धित र सार्न्दभिक लेख, रचना पुस्तक र मिल्दोजुल्दो विषय वस्तुहरू, प्रकाशित अप्रकाशित लेख रचनाहरू यसमा समावेश गरिएको छ ।वृद्धहरू ज्ञानका भण्डार हुन् । उनीहरूको आपनो जीवन कालमा धेरै तिता मिठा अनुभवहरू हासिलगरेका छन् । कोही त शिक्षित पनि छन् । यी बृद्धबृद्धाहरूलाई उपयुक्त खानपिन, वास र स्वास्थ्य उपचार दिइएमा यिनीहरूको स्वास्थ्यमा सुधार भई आफुमा भएको ज्ञान र सिपलाई व्यवहारमा उर्तान सक्छन् । जुन

बृद्धबृद्धहरूको लागि मात्र फलदाही नभएर समाज, देश र विश्वकै लागि पनि फलदाही हुनसक्छ । यसतर्फ भने परिवार, समान,संस्था एवं सरकारको कुनै ध्यान नभएको देखिन्छ । यसको विपरीत बृद्धबृद्धहरूलाई उनीहरूको बाँकी जीवन सुखमय तुल्याउन र उनीहरूलाई आफनो स्वइच्छामा बाँच्नदिनुपर्दछ । यही नै हाम्रो धर्म र मुत्तिको मार्ग पनि हो । दिर्धायु जीवन सुनिश्चित भविष्य भन्ने नाराका साथ असोज १५, २०६९ मा विश्व अन्तर्राष्ट्रिय दिवस मनाइएको थियो जसमा समाजलाई अहिलेको अवस्थामा ल्याई पुऱ्याउने हिजोको युवाशक्ति नै जेष्ठ नागरिक भएकोले सबैले जेष्ठ नागरिकलाई उच्च सम्मान दिनुपर्दछ । जेष्ठ नागरिकको अनुभव, सिप र ज्ञान उपयोग गरी देश निर्माणका लागि जुटनु पर्ने देखिन्छ । वृद्ध अवस्थाको व्यक्तिले भोग्नु परेको कष्टकर जीवनलाई सहज बनाउनु पर्ने जेष्ठ नागरिकको जोखिमपुर्ण जीवनयापनलाई सुधार गर्न युवा पुस्ताको जिम्वेवारी हुन्छ।

दक्षिण एसियामा नै पहिलो पटक वि.स.२०५१ सालमा जेष्ठ नागरिकका लागि नेपाल सरकारले वृद्ध भत्ताको व्यवस्था गरेको र यसले वृद्घाहरूको जीवनमा थोरै भएपनि सहजता ल्याएको छ । विश्वमा बढदै गएको मानिसको औषत आयुको प्रभावका कारण नेपालमा पनि ज्येष्ठ नागरिकहरूको संख्या बढदै गएपछि र त्यसलाई सहज र सम्मानजनक बनाउन आवश्यक भएको वताएको छ । संसारमा ६० वर्ष उमेर पुगेको मानिस ७६ करोड छन् भने यो संख्या सन् २०५० सम्ममा दुई अर्ब पुग्ने अनुमान गरिएको छ । वि.सं. २०६८ सालको जनगणना अनुसार ६० वर्ष उमेर पुगेको नागरिकको कुल जनसंख्या ८.१% रहेको छ ।

धेरै जसो वृद्धावृद्धाहरू कृषिमा भर परेका र गरिबीको रेखामुनी रहेका छन् । जसका कारण उनीहरू परिवारबाट भिन्न, अशिक्षित, स्वास्थ्य समस्याबाट पीडित हुनुका साथै भेदभावमारहेका छन् । गरिबीकै कारण उनीहरूको स्वास्थ्य नराम्रो छ । उनीहरू आफ्नो गास, बास र कपास जस्ता न्यूनतम आवयकता पूर्ति गर्न समेत असमर्थ छन् । साथै पुरूषभन्दा पनि विधुवा महिला अझै बढी अपहेलित र पीडित छन् । यसका साथैवृद्धावृद्धाहरूको अरूमा आश्रितदर बढिरहेको छ । सन् १९९१ मा ७.५% थियो भने २००१ म आइपुग्दा यो दर वृद्धि भएर १२.०१% पुगेको छ । *(Dahal, 2007)* ।

बढ्दो शहरीकरण र औद्योगिकीकरण एवम् व्यापारिक क्रियाशीलताले परिवारमा काम गर्न सक्ने व्यक्ति विहानैदेखि घर बाहिर निस्कने हुँदा घरमा वृद्धावृद्धा एक्लै बस्नुपर्ने बाध्यता हुन्छ । गाउँघरमा पनि अशक्त वृद्धवृद्धाले एक्लै एउटा कुनामा बसेर दिन काट्नु पर्ने

परम्परागत परिस्थिति छ । वृद्धवृद्धाले आफ्नो यस स्थितिलाई भगवानको कृपा अथवा भाग्यको खेल भनेर चित्त बुझाउनु पर्ने बाध्यता छ । यति मात्र नभएर वृद्धवृद्धाले पारिवारिक हेला, अपमान तथा तिरस्कार सहँदै र भोग्दै आउनुपरेको छ । खास गरी आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारमा उनीहरूले अत्याधिक पीडा र अपमान सहनु परेमा देखिन्छ *(प्रधान, २०६५)।*

### नयाँ संविधानमा ज्येष्ठ नागरिक

जीवनभर आर्जन गरेको सम्पत्तिमा छोराछोरीहरूको हक लाग्ने कानुनी व्यवस्था छ । तर त्यो सम्पत्ति उपभोग गर्ने छोराछोरीले वृद्ध बाबु आमालाई अनिवार्य कानुनी रूपमा स्याहारसुसार गर्नुपर्ने कानुनी बाध्यता छैन । बाबु आमाले आर्जन गरेको सम्पत्तिमा जसरी छोरा छोरीको कानुनी हक लाग्ने व्यवस्था छ त्यसैगरी वृद्ध बाबु आमालाई पालन पोषण गर्नेपर्ने अनिवार्य कानुनी व्यवस्था गर्नुपर्छ । यस कुराले नयाँ संविधानमा स्थान पाएमा सम्पत्ति हकभोग गर्ने जो सुकैले पनि वृद्धालाई स-सम्मान पालन गर्नेपर्ने कानुनी व्यवस्था मिलाउनु पर्छ ।मुलुकमा ज्येष्ठ नागरिकको गुनासो गर्ने र सुनुवाई हुने ठाउँ कतै छैन । त्यसैले कमसेकम ज्येष्ठ नागरिकको दुःख, दर्द र गुनासो पोख्नका निम्ति महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अर्न्तगत तत्कालै छुट्टै व्यवस्था गर्न आवश्यक छ *(प्रधान, २०६५) ।*

## २.३ सामाजिक सुरक्ष भत्ताको राष्ट्रिय र अन्तराष्ट्रिय इतिहास

सन् (१९९४ डिसेम्बर २६) गतेका दिन नेपालको तत्कालिन प्रधानमन्त्री मनमोहन अधिकारीबाट सर्वप्रथम ७५ वर्ष पुरा भएका महिला र पुरूष वृद्धवृद्धाहरूलाई वृद्ध भत्ता( सामाजिक सुरक्षा भत्ता)स्वरूप मासिक रू. १०० दिने धोषणा भएको थियो । यो कार्यक्रम ५वटा विकास क्षेत्रको ५ वटा जिल्लामा पुर्व परीक्षण (पाइलट सर्वे) का आधारमा सञ्चालनमा ल्याईएको थियो । जसलाई Oldage Allowance Program – OAPकार्यक्रम भनिन्थ्यो । यो कार्यक्रम सन् १९९५-९६ जनवरी २ देखि जुलाईसम्म सकिने गरी भत्ता वितरणको कार्य सुरूवात भएको थियो ।

**रेखाचित्र १ : लागुको लागि प्रशासनिक संरचना**

स्थानीय विकास मन्त्रालय

↓

जिल्ला समन्वय समिति (७७)

↓

नगरपालिका (६/११/२७६) गाउँपालिका (४६०)

सन् 1996-97 को समयमा निर्वाचित नेपाली काँग्रेस सरकारले ७० बर्ष भन्दा माथिका, विधुवाको लागि पनि भत्ताको व्यवस्था सुरूवात गरेको थियो । मासिक रू.१०० विधुवा असहायलाई वितरण गरेको थियो र सन् 1999 मा नेपाली काँग्रेसको सरकारले वृद्धा भत्ता बढाएर रू.१५० पुऱ्याएको थियो । (Irudaya, 2008)

**योग्यताको मापदण्ड**

सबै नेपाली महिला र पुरूष ७५ वर्ष पुरा भई ७६ वर्षमा प्रवेश गरेपछि मात्र भत्ताको लागि योग्य हुनेछन् । स्थानीय विकास मन्त्रालयद्वारा जारी निर्देशन अनुसार वृद्धाभत्ता नेपाली नागरिक र नागरिकतामा भएको उमेरको आधारमा सामाजिक सुरक्षा भत्ता लिन आवेदन दिन योग्य हुनेछन् । (Irudaya, 2008)

सन् 1936 मा अमेरिकी राष्ट्रपति रूजवेल्टले आम नागरिकमा सामाजिक सुरक्षाको अवधारणालाई अगाडि बढाएको पाईन्छ । सुरूमा जेष्ठ नागरिकलाई पेन्सन दिने अवधारणाबाट अगाडि सारेको सामाजिक सुरक्षा भत्तामा बजेट विनियोजन भएको पाईन्छ । मानव अधिकार सम्बन्धी घोषणापत्र सन् 1948 र नागरिकको राजनैतिक, सामाजिक एवम् आर्थिक अधिकार सम्बन्धी सन् 1966 मा सामाजिक सुरक्षा क्षेत्रमा थुप्रै रकम विनियोजन हुने गरेको थियो । तर त्यसले लक्षित वर्ग लाभान्वित भयो भएन अनुगमन र मूल्याङ्कनको पाटो कमजोर पाइन्छ । ज्येष्ठ नागरिक सामाजिक सुरक्षा क्षेत्रमा राज्य मात्र होइन अन्तर्राष्ट्रिय संघ संस्था एवम् दातृ निकायहरू पनि कम्मर कसेर लागेका छन् । (पौडेल, २०६९) ।

राष्ट्रिय सामाजिक सहायता योजना कार्यक्रम, केन्द्रिय प्रयोजन योजना इन्डिया, सरकारले वृद्ध, विधुवा र अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक सहयोग गर्न लक्ष्यका साथ यो कार्यक्रम सञ्चालन गरिएको थियो । इन्डियाको संविधान अनुसार राज्यले बेरोजगारी, वृद्ध, उमेर समूह, विमारी र अपाङ्ग भएका व्यक्तिहरूलाई सन्1995 बाट राष्ट्रिय सामाजिक सहायता योजना कार्यक्रम लागू गरेको थियो । यो योजनाले मुख्यतः तीन वटा योजनालाई जोड दिएको थियो ।

१. राष्ट्रिय वृद्ध उमेर पेन्सन योजना

२. राष्ट्रिय परिवार सहायता योजना

३. राष्ट्रिय मातृत्व सहायता योजना

यी योजना कुनै आम्दानीको स्रोत नभएका परिवारबाट आर्थिक सहयोग नभएकाले मात्र पाउनेछन् ।

सन् 2000: अन्नपूर्ण योजना कार्यक्रम सञ्चालन गरी राष्ट्रिय वृद्ध उमेर पेन्सन योजनाभित्र नपरेका योग्य व्यक्तिहरूले १० के.जी. चामल सित्तैमा पाएका थिए ।

सन् 2001 : राष्ट्रिय मातृत्व सहायता योजनालाई परिवार कल्याण विभागमा स्थानान्तरित गरियो ।

सन् 2006 : पेन्सन स्वरूप राष्ट्रिय वृद्ध उमेर पेन्सन योजनामा रू.७५ देखि रू.२०० दिने गरियो ।

सन्. 2007 : राष्ट्रिय सामाजिक सहायता योजनाले गरिबीको रेखामुनि रहेका वृद्ध उमेर भएका व्यक्तिलाई राष्ट्रिय वृद्ध उमेर पेन्सन योजना लागू गरेर कार्यक्रमको सञ्चालन गरिएको थियो ।

सन् 2009 : राष्ट्रिय सहायता सामाजिक योजनाले विस्तारित ईन्दिरा गान्धी राष्ट्रिय विधुवा पेन्सन योजनाको सुरूवात भयो । ४० देखि ६४ बर्षसम्मको लागि विधुवा भत्ताको व्यवस्था गरियो । ईन्दिरा गान्धी राष्ट्रिय अपाङ्ग पेन्सन योजना पनि सुरूवात गरियो । १८ देखि ६४ बर्षमुनिका गरिबहरूलाई पेन्सनको व्यवस्था गरियो ।

सन् 2011 : ईन्दिरा गान्धी राष्ट्रिय वृद्ध पेन्सनको योजनाले ६० देखि ७९ बर्ष उमेर समूहलाई मासिक रू. २०० उपलब्ध गराएको थियो भने ८० बर्ष माथिका वृद्ध उमेर समूहका मानिसलाई रू. ५०० मासिक दिएको थियो । (Asher and Kitmura, 2015)

## २.४ ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता सम्बन्धि नेपालमा भएका प्रयासहरू

विकसित देशहरूमा बृद्धहरूलाई राम्रो सुविधाहरू छन् । तर नेपालमा बृद्धहरूप्रति सरकारको नीति सन्तोषजन छैन । सरकारले बृद्धहरूका लागि केही प्रयत्न गरेतापनि अहिलेको वर्तमान युगमा प्रशस्त देखिएको छैन । केही अन्तर्राष्ट्रिय सभाले बुढ्यौली अवस्थालाई अन्तर्राष्ट्रिय समुदायमा आफैमा इज्जत र मानविय अधिकार भनेका छन् । आठौँ

पञ्चवर्षिय योजना अनुसार नेपालले अति दुःख पाएका बृद्धहरूलाई पेन्सन दिने योजना सामाजिक सुरक्षा कार्यक्रम दिलाएको छ । नेपालको संविधान वि.सं. १९९० अनुसार बृद्धहरूको हेरचाह र सुरक्षालाई परिवर्तन गर्न मुख्य उद्देश्य हो । संविधानले बृद्ध मानिसहरूमा हेरचाहको लागि विशेष कानुन बनाउने नियुक्ति दिएका छन् । वि.सं. १९९० मा यस विषयमा थोरै काम भएकोजसलाई अन्तर्राष्ट्रिय बृद्ध वर्ष भनिन्छ । आफ्नो कामबाट अवकास पछि सामाजिक सुरक्षा भत्ता निजामति सेवा शिक्षक र मजदुरलाई मात्र उपलब्ध छ *(विष्ट, २००१) ।*

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले पनि गाउँ विकास समितिको काम, कर्तव्य र अधिकारमा अनाथ बालबालिका, असहाय महिला, बृद्धबृद्धा, अपाङ्गको संरक्षण गर्न अधिकार उल्लेख भएको छ । त्यसै गरी श्री ५ को सरकारले २५ भन्दा बढि जिल्लाहरूमा जेष्ठ नागरिक औषधि उपचार नीति लागु गरेको छ । जस अर्न्तगत असहाय बृद्धले वर्षमा बढिमा २ पटकसम्म २ हजारका दरले औषधि उपचार गर्न पाउने व्यवस्था गरेको छ । शाखाको तर्फबाट ७५ वर्ष पुगेको नागरिकहरूलाइ मासिक रू १७५ भत्ता दिने व्यवस्था गरेको छ ।श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सामाजिक सुरक्षा तथा सुधार शाखाको तर्फबाट जेष्ठ नागरिक नीति तथा कार्यनीति २०५८ तयार गरी लागु गर्न प्रयास भएको छ । यस नीतिमा मुख्य रूपमा आर्थिक पक्ष, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा सुविधा, सम्मान, सहभागिता, संलग्नता शैक्षिक एवम् मनोरञ्जनात्मक पक्ष आदिबारे उल्लेख गरिएको छ । नवौं पञ्चवर्षिय योजनामा बृद्ध बृद्धा सम्बन्धी नीतिमा बृद्ध भत्तालाई सरल बनाउने केन्द्रिय तथा क्षेत्रीय अस्पतालहरूमा सहुलियत दरमा स्वास्थ्य परिक्षण तथा उपचार प्रदान गर्ने व्यवस्था गरिएको छ (ज्ञवाली,२००५) ।

नेपालको परिप्रेक्ष्यमा परम्परागत संयुक्त परिवारमा रहने जेष्ठ नागरिकहरूलाई प्रदान गर्नुपर्ने आधारभुत सेवा तथा सुविधा पर्याप्त मात्रामा उपलब्ध गराउन नसकेको जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षा सुविधा क्षमता उपयोग आदिमा अपेक्षित रूपमा काम सञ्चालन गर्न नसकिएता पनि केही कल्याणकारी सरंक्षणात्मक कार्य थालनी भएको छ । जेष्ठ नागरिकको स्वास्थ्य उपचार सेवा बृद्धआश्रम, दिवासेवा केन्द्रहरूमा संस्थागत सहयोग, अनुदान, उच्चस्तरीय जेष्ठ नागरिक समन्वय समितिको गठन, जेष्ठ नागरिक कल्याण कोषको स्थापना, जेष्ठ नागरिक विधुवालाई सामाजिक सुरक्षा भत्ता जस्ता महत्वपुर्ण काम भएका छन् । जेष्ठ नागरिक नीति तथा कार्यनीति वि.सं.२०५८ जेष्ठ नागरिक स्वास्थ्य

उपचार सेवा कार्यान्वयन निर्देशित वि.सं.२०६१ ज्येष्ठ नागरिक राष्ट्रिय कार्य योजना वि.सं.२०६२, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि वि.सं. २०६३, ज्येष्ठ नागरिकको सरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन वि.सं. २०६३, ज्येष्ठ नागरिक असहाय विधुवा तथा अशक्त अपाङ्गहरूले प्राप्त गर्ने भत्ता बृद्धि गरिनुका साथै ज्येष्ठ नागरिक सम्बन्धी नियमावलीको मस्यौदा तयार भैसकेको छ*( पराजुली, २०६५)।*

## २.५ नेपालको संविधान ज्येष्ठ नागरिक सम्बन्धी ऐन २०७२

ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ । आर्थिक रूपले विपन्न अशक्त, असहाय, एकल महिला, अपाङ्गता भएका बालबालिका आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको व्यवस्था गरिएको छ । कोषमा रहने रकम केन्द्रिय ज्येष्ठ नागरिक कल्याण समितिको नाममा नेपाल राज्यको कुनै वाणिज्य वैंङ्कमा खाता खोली जम्मा गरिने छ । कोषको रकम जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नको लागि मात्र प्रयोग गरिने छ । जेष्ठ नागरिकले पाउने भत्ता वा सुविधा वितरण गर्न व्यवस्था मिलाउने रहेको छ । भत्ता वा सुविधा उपलब्ध गराउन सक्ने छ । नेपालको अन्तरिम संविधानले सामाजिक सुरक्षाको क्षेत्रमा निम्नानुसारको व्यवस्था गरेको छ ।

समानताको हक धारा १३ :राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जाति, लिङ्ग, उत्पति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्नेछैन । तर महिला, दलित, आदिवासी, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएको वर्ग र बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकास लागि कानुनद्वारा रोक लगाएको मानिने छैन ।

रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक धारा १८ :महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

सामाजिक न्यायको हक धारा २२ : आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति वा मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब, किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ ।

सरकारले जेष्ठ नागरिकलाई तोकिए बमोजिमको वितरण भएको परिचय पत्र जेष्ठ नागरिक वसोवास गरेको गाउँ विकास समिति वा नगरपालिका मार्फत उपलब्ध गराउने छुट र सुविधा दिइने छ । सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग प्रदान गर्नु गराउनु सबैको कर्तव्य हुनेछ । नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमको सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले जेष्ठ नागरिकको लागि कम्ती दुई वटा सीट सुरक्षित राख्नुपर्ने र निजलाई यात्रु भाँडादरमा कम्तीमा पचास प्रतिशत छुट दिनु पर्नेछ ।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

अनुसन्धानलाई पूर्णता दिनको लागि विभिन्न खालका अनुसन्धानका विधिहरूको प्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धानका निम्न विधिहरूको प्रयोग गरी अनुसन्धान गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

जेष्ठ नागरिकहरू परिवारका सदस्य मात्र नभई राज्यका अभिन्न अंग हुन । वृद्ध अवस्था भनेको एउटा प्राकृतिक प्रकृया हो । वृद्ध उमेरमा मानिसहरू शारिरिक र मानसिक दुवै प्रकारले कमजोर हुने गर्दछन् । जेष्ठ नागरिकहरूको ईतिहासबाट नै वर्तमान राज्य व्यवस्था, राजनिति, धर्म, कला संस्कृति, भाषा र मानव समाज इत्यादिले निरन्तरता पाएको हुन्छ । हाम्रो देश विकास उन्मुख देश हो । राज्यले असक्त, शारिरिक अपाङ्ग , एकल महिला र जेष्ठ नागरिकलाई आर्थिक सहयोग सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ । जसले गर्दा आर्थिक रूपमा कमजोर भएका र घर परिवारका सदस्यहरूले वेबास्था गर्ने जेष्ठ नागरिकलाई यो कार्यक्रम लाभदायिक वनेको छ । पोखरा महानगरपालिका वडा नं.०४ अर्न्तगत पर्नेगणेशटोल, गैहापाटन, रामकृष्णटोल, महेन्द्रपुल ,नालामुख, भैरबटोल, गोपालजी मार्ग ,तेर्सापट्टि र अन्य टोलहरू मिलि ९वटा टोलहरूमा बस्ने ज्येष्ठ नागरिकहरूलाई ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको प्रयोग शैली र दुष्टिकोणको वारेमा अध्ययन गर्ने उद्देश्यको साथमा मैले मेरो अध्ययनको रूपमा छनौट गरेकी छु । ति समुदायहरूलाई छनोट गर्नको कारण त्यस समुदायमा विभिन्न जात जाति र वर्गका ज्येष्ठ नागरिकहरू बसोवास

स्थल भएको र अहिले सम्म ति समुदायहरूमा बसोवास गर्ने ज्येष्ठ नागरिकहरूको अध्ययन नभएको हुँदा त्यो क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने महिला र पुरूष दुवै ज्येष्ठ नागरिकहरूले सामाजिक सुरक्षा उपयोग गरेका छन् यसले जेष्ठ नागरिकहरूको सामाजिक तथा आर्थिक प्रभावको साथै भत्ता प्रतिको दुष्टिकोणको विश्लेषण गर्ने मुख्य उद्देश्य छ । अनुसन्धानको विधिको आधारमा तथ्याङ्क संकलन गर्न अवेषनात्मक र व्याख्यात्मक अनुसन्धानको ढाँचालाई लिइएको छ ।

## ३.३ जनगणना विधि र अध्ययन एकाई

कास्की जिल्ला,पोखरा महानगरपालिका वडा नं. ०४ मा बसोबास गर्ने जम्मा ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता पाउने महिला र पुरूषहरूको अध्ययन गरिएको छ । वडा कार्यालयको तथ्याङ्क अनुसार अध्ययन क्षेत्रमा प्रस्तुत जनगणना विधि अबलम्वन गरी गरिएको अध्ययनमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिकहरू अध्ययनको एकाई हुन । ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता लिनेहरू महिला १०५ र पुरूष ६४ जना छनोट गरी १६९ जना छन् । ती १६९ जना सबैलाई समेटेर अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

प्रस्तुत अध्ययन उद्देश्यको आधारमा तथ्याङ्क संकलन गर्दा दुई तरिकावाट तथ्याङ्क संकलन गरिने छ । प्राथमिक स्रोतको आधारमा तथ्याङ्क संकलन गरिएकोछ । प्राथमिक स्रोतका आधारमा तथ्याङ्क संकलन गर्दा शोधकर्ता अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा सहभागी भई अन्तवार्ता, अवलोकन, मुख्य माध्यमबाट तथ्याङ्क संकलन गरिने छ । द्वितीय स्रोत अर्न्तगत विभिन्न पत्रपत्रिका, पुस्तक, लेख, सञ्चारका माध्यमहरू, सूचना, विभिन्न किसिमका वेभसाईटहरू साथै शोध ग्रन्थहरू आदिको मध्यमबाट संकलन गरिएको छ । तथ्याङ्कको प्रकृति दुई प्रकारका हुन्छन् । गुणात्मक र संख्यात्मक अनुसन्धानमा पनि विभिन्न विषयहरूलाई गुणात्मक अनुसन्धान घट्ना, परिस्थिति, समस्या वा कुनैपनि विषयलाई आधार बनाएर संख्यात्मक रूपमा अनुसन्धान गर्ने अनुसन्धान विधिको प्रयोग गरिएको छ ।

## ३.५तथ्याङ्क संकलनका विधिहरू

अनुसन्धान कार्य सम्पन्न गर्नको लागी आवश्यक तथ्याङ्कहरू विभिन्न विधिहरू अवलम्वन गरिएको छ । प्रस्तुत अध्ययनमा प्राथमिक र द्धित्तीय स्रोतलाई आधार मानिएको छ । प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष अन्तर्वाता, अवलोकन, मुख्य सुचनादातासँगको छलफल र वैयक्तिक अध्ययनको सहयोगमा सुचना संकलन गरिएको छ ।

**क) अन्तवार्ता**

अन्तवार्तातथ्यांङ्क संकलन गर्ने एक उपयुक्त विधि हो ।अध्ययन क्षेत्रमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिकहरूसँग सामाजिक सुरक्षा भत्ताको उपयोगिता, प्रभाव र दृष्टिकोण बारेमा अन्तवार्ता लिई आवश्यक तथ्यांक वा सुचना लिइएको छ । अन्तरवार्ताको सहजताको लागी प्रश्नहरूको सुची र अनुसुची तयार गरी समावेश गरिएको छ ।

**ख) मुख्य सूचनादातासँगको छलफल**

प्रस्तुत अध्ययनमा सामाजिक सुरक्षा भत्तासँग सरोकार राख्ने सरोकारवालाहरूसँग औचित्य छवास्तवमा जेष्ठ नागरिकहरूले पाएको भत्ताको उपयोग गर्दा परिवारमा परेको प्रभाव र सरोकारवालाहरू, विभिन्न पार्टीका प्रमुख, समाजसेवी, शिक्षक वार्ड सचिव एक जना, शिक्षिका दुई जना  र पाँच जना मध्ये दुई जना वार्ड प्रतिनिधिहरूबाट सबै गरेर जम्मा १५ जना संग आवश्यक तथ्यांङ्क संकलन गरिएको छ ।

**ग) अवलोकन विधि**

तथ्यांङ्क संकलनको महत्वपूर्ण विधि अवलोकन पनि एक हो । यस विधिका अनुसार अध्ययन गर्दा शोध कर्ता स्वयम अध्ययन क्षेत्रमा गई उत्तरदाताहरूको घरमा ,कार्यक्षेत्रमा नै प्रत्यक्ष रूपमा अवलोकन गरिएको र  उत्तरदाताहरूको शरिरिक ,मानसिक, आर्थिक, स्वास्थ्य, दैनिक क्रियाकलाप, परिवारिक अवस्था इत्यादि विषयको अवलोकन गरिएको छ ।

**घ) बैयक्तिक अध्ययन**

अनुसन्धानलाई थप विश्वसनियता र स्पष्ट पार्नको लागि  वैयक्तिक अध्ययन समावेश गरिएको छ । जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको उपयोगिता यसले जीवनयापनमा पारेको प्रभाव र दृष्टिकोणको बारेमा अध्ययन गरिएको छ । जम्मा १६९ जना जेष्ठ नागरिकबाट जना मध्ये ३ जनाको जेष्ठ नागरिकको बैयक्तिक अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण

अध्ययन अनुसन्धानको विभिन्न विषयवस्तुसँग सम्बन्धित तथ्याङ्कलाई गुणात्मक तथा मात्रात्मक विधिवाट प्रस्तुत गरिएको छ । मात्रात्मक तथ्याङ्कलाई पालिका संख्या र प्रतिशतमा व्याख्या र अन्य तथ्याङ्कलाई व्याख्यात्मक रूपमा विश्लेषण गरेर प्रस्तुत गरिएको छ ।

## अध्याय : चार

## अध्ययन क्षेत्रको सामाजिक तथा आर्थिक अवस्था

अध्ययन क्षेत्रको सामाजिक इतिहास तथा परिचय उत्तरदाताहरूको उमेरगत अवस्था,शैक्षिक स्थिति,वैवाहिक स्थिति, जातिगत संरचना,धार्मिक स्थिति,पारिवारिक संरचना, बसोवासको अवस्था, आयस्रोतको विवरण, पुजापाठ सम्बन्धि विवरण,एक्लोपन महशुस विवरण, परिवारको सदस्यबाट अपेक्षित व्यहार, जेष्ठ नागरिक सम्मान सम्बन्धि धारणा, जेष्ठ नागरिक वासस्थानको अवस्था, पुर्व पेशागत, स्वास्थ्य संस्थाको पहुँच, सामाजिक सुरक्षा भत्ता प्राप्तिको अवधि विवरण इत्यादि विषयहरूलाई यस अध्ययनमा समावेश गरि विश्लेषण गरिएको छ ।

### ४.१. अध्ययन क्षेत्रको परिचय

नेपालको ७७ वटा जिल्ला मध्ये कास्की जिल्ला नेपालको राजधानी काठमाण्डौबाट पश्चिममा पर्ने एक पहाडी जिल्ला हो । गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लामा अवस्थित यस जिल्लामा १ महानगरपालिका र ४ वटा गाउँपालिकाहरू रहेका छन् । पोखरा महानगरपालिकामा ३३ वटा वडाहरू मध्ये वडा नं. ४ स्थितीगैह्रपाटन, रामकृष्ण टोल, महेन्द्रपुल, नालामुख, गणेशटोल, गोपालजी मार्ग, अन्य टोलहरूमिलि ९ वटा टोलहरू मिलाएर बनाईको वडा हो । भौगोलिक क्षेत्रका आधारमा वडा नं. ०४ लाई सबैभन्दा सानो वडा मानिन्छ । व्यापारिक हिसाबले पोखराको केन्द्र बिन्दु वडा नं. ४ मा रहेको छ । सुरक्षा निकाय, निजी स्वास्थ्य अस्पताल, स्कुल, कलेज यस वडाभित्र रहेका छन् । अन्य बैंक वित्तीय संस्था पनि यसै वडाभित्र रहेकार सामाजिक काममा परापूर्व कालदेखि नै सामुहिक सहभागिता जनाउने क्रियाकलापहरूका साथै बाटो घाटो बनाउने, खानेपानी आयोजना बनाउने, पुल, विवाह, काजक्रिया जस्ता पारिवारिक शोक उत्सवमा जमघट एवम् एक आपसमा मिलिजुली काम उम्काउने गर्दथे भने रमाइलोका लागि मेला, पर्व तथा नाचगान गर्ने समेत चलन थियो ।

जेष्ठ नागरिकहरू पनि चोक तथा चौतारामा भेला भएर कुराकानी तथा सल्लाह गर्ने आफ्नो अनुभव साटासाट गर्ने गर्दथे । पहिलाको समयमा आफ्नै खेतीपाती तथा आफ्नो हातको सीप अनुसार काम गर्ने गर्दथे । आजभोलि धेरै जसो युवाहरू वैदेशिक रोजगारमा जाने गरेको छ भने केही युवाहरू यसै ठाउँमा क्लबहरू गठन गरी क्लब मार्फत सामाजिक कार्य गर्दै आइरहेका छन् । महिलाहरू आमा समूह, सहकारी, विभिन्न समूहरू दर्ता गरी

विभिन्न सामाजिक क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइन्छ । जसले गर्दा नेतृत्व स्थापित हुनुका साथै सशक्तिकरणमा टेवा पुगेको छ ।

## ४.२ उत्तरदाताहरूको उमेरगत स्थिति

उमेर जनसंख्याको एक महत्वपूर्ण आधार हो । उमेर कै आधारमा सामाजिक हैसियत निर्धारण हुने गर्दछ । सबै मानवजातिले बालक, युवा, प्रौढ र वृद्ध अवस्थालाई पार गर्नु पर्नेहुन्छ । सोही अनुसार बालक र वृद्ध उमेर समूहलाई आश्रित उमेर समूहमा लिने गरिन्छ । अध्ययनमा सामाजिक सुरक्षा अन्तर्गत पर्ने जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता सेवा पाउने ७० वर्ष माथिका जेष्ठ नागरिकलाई संलग्न गरिएको छ । जसलाई तालिका नं. ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका४.१ लैङ्गिक आधारमा उमेरको विवरण**

| उमेर समूह | महिला | प्रतिशत | पुरूष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| ७० देखि७५ | ५१ | ३०.१७ | ३५ | २०.७१ | ८६ | ५०.८८ |
| ७६ देखि८० | ३५ | २०.७१ | २५ | १४.७९ | ६० | ३५.५ |
| ८१ देखि माथि | १९ | ११.२४ | ४ | २.३६ | २३ | १३.६ |
| जम्मा | १०५ | ६२.१२ | ६४ | ३७.८६ | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसार ७० देखि७५ बर्ष उमेर समूहका ५०.८८ प्रतिशत रहेको छ । ७६ देखि ८० बर्ष समूहका संख्या ३५.५ प्रतिशत रहेको छन् । ८१ देखि माथि उमेर समूहका१३.६ प्रतिशत रहेका छन् । यसै गरी लैङ्गिक आधारमा हेर्ने हो भने महिला उत्तरदाताहरूको ६२.१२ प्रतिशत पुरूष उत्तरदाताहरूको ३७.८६ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र महिला उत्तरदाताहरूको जनसंख्या बढी र पुरूषको संख्या कम रहेको पाइन्छ । नेपालमा पुरूषको तुलनामा महिलाको संख्या बढी भएको छ । राष्ट्रिय तथ्याङ्कसँग तुलना गर्दा अध्ययन क्षेत्रका उत्तरदाताहरूमा महिला प्रतिशत पनि बढी पाइन्छ ।

## ४.३ जेष्ठ नागरिकको शैक्षिक स्थिति

शिक्षाको महत्व हरेक क्षेत्रमा हुने गर्दछ । शिक्षा विनाको मानव समाजको परिकल्पना समेत गर्न सकिंदैन । शिक्षाले मानव जीवनलाई सरल र सहज बनाउन मद्दत

गर्दछ किनभने शिक्षाले जीवनको अँध्यारोलाई हटाई उज्यालो तर्फ लैजाने एक माध्यम पनि हो । शिक्षाको भूमिका र महत्व देश विकास, समाज र समुदायको विकासमा महत्वपूर्ण आधार स्तम्भ रूपमा मानिन्छ । अध्ययन क्षेत्रको शैक्षिण अवस्थालाई तालिका नं. ४.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२उत्तरदाताहरूको शैक्षिक विवरण**

| शैक्षिक स्थिति | महिला | प्रतिशत | पुरूष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| निरक्षर | ८० | ४७.३३ | ३७ | २१.८९ | ११७ | ६९.२२ |
| साक्षर | २५ | १४.७९ | २७ | १५.९७ | ५२ | ३०.७६ |
| जम्मा | १०५ | ६२.१२ | ६४ | ३७.८६ | १६९ | १०० |

*स्रोत : स्थलगत अधययन, २०७८*

तालिकाकोतथ्याङ्क अनुसार निरक्षर ६९ प्रतिशत रहेको छ भने साक्षरता प्रतिशत३०.७६ रहेको छ । निरक्षर भन्दा साक्षर उत्तरदाताहरू कम रहेको पाइन्छ ।सानो उमेरमा नै आफ्नो अभिभावकले कृषिको काम गर्न लगाउने गोठमा गाई गोरू हेर्न लगाउने चलन रहेको बताएका थिए । पुरूषको तुलनामा महिला साक्षरको स्थिति एकदम न्यून रहेको छ । त्यतिबेलाको समयमा महिलाहरूलाई अर्काको घरमा जाने जात हो भनेर पढाउन हुँदैन भन्ने धारणा रहेको थियो ।

## ४.४ वैवाहिक स्थिति

जीवनलाई निरन्तर र सुव्यवस्थित रूपमा अगाडि बढाउनमा विवाहले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मानिस प्रकृतिको एउटा बहुमुल्य उपहार हो । सृष्टिलाई निरन्तरता दिनको लागि विवाहको आवश्यकता पर्दछ । विवाह एउटा प्रक्रिया हो । विवाह समय, स्थान, संस्कृति, चालचलन र जाति अनुसार फरक फरक हुने गर्दछ । अध्ययन क्षेत्रको वैवाहिक स्थितिलाई तालिका नं. ४.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३उत्तरदाताहरूको वैवाहिक स्थिति विवरण**

| वैवाहिक स्थिति | महिला | प्रतिशत | पुरूष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| विवाहित | ४० | २३.६६ | ४७ | २७.८१ | ८७ | ५१.४७ |
| अविवाहित | ४ | २.३६ | २ | १.१८ | ६ | ३.५४ |
| विधुवा | ६१ | ३६.०९ | - | - | ६१ | ३६.०९ |
| विदुर | - | - | १५ | ८.८७ | १५ | ८.८७ |
| जम्मा | १०५ | ६२.११ | ६४ | ३७.८७ | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका तथ्याङ्क अनुसार विवाहित पुरूष संख्या २७.८१ प्रतिशत र विवाहित महिलाको प्रतिशत २३.६६ रहेको पाइयो । अविवाहित पुरूषको प्रतिशत १.१८ र अविवाहित महिलाप्रतिशत२.३६ रहेको छ विधवा उत्तरदाता ३६.०९ प्रतिशत र विदुरको ८.८७ प्रतिशत रहेको छ । विधवा महिलाको तुलनामा विदुर पुरूषकोसंख्या कम रहेको पाइन्छ । पुरूषले पहिलो श्रीमतीको मृत्यु भई सकेपछि दोस्रो विवाह गर्नको लागि समाजले सहजै स्वीकार गर्ने तर महिला विधुवा भए समाजले दोस्रो विवाह गर्नलाई सहजै स्वीकार नगर्ने परम्परा भएर पनि हो । विधुवाको संख्या बढि हुनुमा नेपालको औसत आयु पुरूषको भन्दा महिलाको आयु बढि हुनु पनि हो ।

## ४.५ जातिगत संरचना

नेपाल एक विभिन्न जातजातिहरू बसोबास गर्ने साझा फूलबारीको देश हो । विभिन्न किसिमको अधिकारको नाममा जातजातिहरू बिच विखण्डन गर्नु राम्रो होइन भन्ने कुरा सबैले बुझ्नु आवश्यक छ । यहाँ बाहुन क्षेत्री, गुरूङ्ग, मगर, राई, लिम्बु लगायतका झण्डै १३१ को संख्यामा विभिन्न जातजातिको बसोबास रहेको छ । अध्ययन क्षेत्रमा जातिय संरचनाको अवस्थालाई तालिका नं. ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४जातिगत संरचना विवरण**

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राहमण | ७५ | ४४.३७ |
| नेवार | ६६ | ३९.०५ |
| क्षेत्री | १५ | ८.८७ |
| थकाली | १ | ०.५९ |
| गुरूङ | २ | १.१८ |
| दमाई | ४ | २.२६ |
| मुसलमान | ४ | २.३६ |
| कामी | १ | ०.५९ |
| मगर | १ | ०.५९ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका तथ्याङ्क अनुसार ब्रामहण ४४.३७प्रतिशत, नेवार ३९.०५ प्रतिशत, क्षेत्री८.८७ प्रतिशत, थकाली ०.५९ प्रतिशत, गुरूङ १.१८ प्रतिशत, दमाई २.२६ प्रतिशत,मुलमान २.३६ प्रतिशत, कामी ०.५९ प्रतिशत रमगर ०.५९ प्रतिशत रहेको पाइन्छ भनेविभिन्न जातजातिगत संरचनाको आधारमा सबैभन्दा बढी ब्राहमण रहेको पाइन्छ ।

## ४.६ धार्मिक स्थिति

धर्म एक अदृश्य शक्ति माथिको विश्वास हो । यस्तो अदृश्य शक्तिको विश्वास विश्वभरीका मानवस जातिले प्राचिन काल देखि नै स्वीकार गर्दै आएको पाइन्छ । धर्मले मानिसलाई अनुशासित र नैतिकवान बनाउनमा ठूलो भूमिका खेलेको हुन्छ । नेपालमा विभिन्न प्रकारको धर्म मान्ने गरिएको छ जुन फरक फरक जातजातिमा निर्भर रहेको पाइन्छ । जस्तै हिन्दु, बौद्ध, ईसाई, इस्लाम आदि । विभिन्न धर्म माथि आस्था गर्ने व्यक्तिहरू बसोबास गर्ने भएकोले धर्म निरपेक्ष राष्ट्रको रूपमा घोषणा गरेको छ ।अध्ययन क्षेत्रका धार्मिक स्थितिलाई तालिका नं. ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ : उत्तरदाताहरुको धार्मिक स्थिति**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | १५० | ८८.७५ |
| बौद्ध | १५ | ८.८७ |
| ईसाई | ४ | २.३६ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसार हिन्दु धर्ममा आस्था राख्ने ८८.७५ प्रतिशत, बौद्ध धर्ममा आस्था गर्ने ८.८७ प्रतिशत र ईसाई धर्ममा आस्था राख्ने उत्तरदाताहरू २.३६ प्रतिशत रहेको पाइयो । धार्मिक संलग्नताको आधारमा उत्तरदाताको संख्या बढीमा हिन्दु तथा अध्ययनको तथ्यांकलाई हेर्दा हिन्दु धर्ममा राख्नेको संख्याको बाहुल्यता छन भने बौद्ध र इसाई धर्ममा आस्था राख्ने उत्तरदाताहरू पनि पाइन्छ । यो तथ्याङ्कबाट हाम्रो समाजमा सबै खाले धर्ममा आस्था राख्ने व्यक्तिहरू एक आपसमा सहिष्णुतामा रहेको पाइन्छ ।

## ४.७. उत्तरदाताको पारिवारिक संरचना

परिवारले समाज निर्माणको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । परिवार विना समाज पूर्ण हुन सक्दैन । परिवारले मानव जातिको आत्मा संरक्षण सम्वर्द्धन तथा मानव जीवनलाई निरन्तरता प्रदान गर्दछ । परिवारले सामाजिकरणको माध्यमबाट एउटा मानवलाई पूर्ण सामाजिक मानव बनाउने कार्य र परिवारबाट नै मानवले माया ममता सुरक्षा प्रदान गर्दछ । जेष्ठ नागरिक पारिवारीक संरचनामा परिवारको संख्याको अवस्थालाई तालिका नं. ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ : पारिवारिक संरचना विवरण**

| परिवार सदस्य संख्या | संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ४ जना सम्म | ८० | ४७.३३ |
| ५ देखि ८ जनासम्म | ८५ | ५०.२९ |
| ९ जनासम्म | ४ | २.३६ |
| जम्मा | १६९ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्कअनुसार परिवारमा १ देखि ४ जनासम्म सदस्य रहने४७.३३ प्रतिशत रहेको छ ।परिवारमा ५ देखि ८ जनासम्म सदस्य रहने ५०.२९ प्रतिशत रहेको छन् भने परिवारमा ९ जना भन्दा बढि २.३६ प्रतिशत रहेका छन् । यसरी तथ्याङ्क विश्लेषण गर्दापरिवार ५ जनादेखि ८जना संख्या बढि रहेको छ भने परिवारमा ९ जना देखि माथि उत्तरदाताएकदम न्यून संख्यामा पाइयो ।

## ४.८ ज्येष्ठ नागरिकको बसोबासअवस्था

मानिसको लागि नभई नहुने आधारभूत आवश्यकता गाँस वास र कपास हो । बसोवास मानिसको जीवनको लागि अपरिहार्य रहेको हुन्छ । वृद्ध अवस्था भनेको एक विशेष अवस्था हो त्यसैले सोही अनुसार परिवारको सहयोग हेरचाहको अति नै आवश्यकता हुन्छ हरेक वृद्धहरूलाई परिवारको सदस्यले वृद्धहरूलाई गर्ने व्यवहारले वृद्धहरूको जीवनमा निकै प्रभाव पारेको हुन्छ । त्यसैगरी परिवारको सदस्यहरूले वृद्धहरूलाई बसोवासमा विशेष ध्यान दिनु पर्ने हुन्छ । अध्ययन क्षेत्रमा बसोबासको अवस्थालाई तालिका नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ : उत्तरदाताहरूको बसोबास अवस्था विवरण**

| बसोवास | संख्या | प्रतिशत |
|---|---|---|
| छोराबुहारीसँग | ८५ | ५०.२९ |
| श्रीमान/ श्रीमती | ४० | २३.६६ |
| एक्लै | २४ | १४.२० |
| छोरी ज्वाईंसँग | २० | ११.८३ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाकोतथ्याङ्क अनुसार छोरा/बुहारीसँग मात्र बसोवास गर्ने ५०.२९ प्रतिशत,श्रीमान/श्रीमतीसँग बसोबास गर्ने २३.६६ प्रतिशत रहेको छ । एक्लै बसोवास गर्ने१४.२० प्रतिशत रहेको छ भने छोरी ज्वाईसँग बसोवास गर्ने११.८३ प्रतिशत रहेको छ । बुढेसकालमा काम गर्न नसक्ने भएकोले परापूर्व कालदेखि चलिआएको चलन अनुसार छोरा/बुहारीले नै पाल्नु पर्नेर उनीहरूसँग नै आश्रय लिनु परेको कुरा रहेका थिए । छोरीज्वाईंसँग बस्ने उत्तरदाताहरूले आफ्नो छोरा नभएको र छोरी ज्वाईंसँग बसोवास गरेको कुरा भने केही उत्तरदाताहरूले छोरा/बुहारीहरूले भन्दा छोरी ज्वाईंले राम्रो स्याहार सुसार

गरेकोले छोरी ज्वाईंसँग बसोवास गरेका थिए । यसै गरी एक्लै बसोवास गर्ने उत्तरदाताहरूले छोरा बुहारीले राम्रो व्यवहार नगरेकोले एक्लै बसेको साथै परिवारमा अन्य सदस्यहरू नभएको कारण वाध्यताले एक्लै बस्नु पर्न देखिन्छ।

## ४.९ आयश्रोतको विवरण

आयस्रोतले मानिसको जीवन स्तरलाई निर्धारण गरिदिन्छ । आयस्रोतले मानिसको जीवनमा प्रत्यक्ष ठूलो भूमिका निर्वाह गर्दछ । आयस्रोत व्यक्ति विशेष उसले गर्ने काममा निर्भर पर्ने हुनाले फरक फरक हुने गर्दछ । मानिसले आफ्नो जीवन निर्वाह गर्नको लागि कुनै न कुनै पेशा अपनाउनु पर्ने हुन्छ । वृद्ध अवस्थामा शारीरिक तथा मानसिक रूपले अशक्त हुने भएकोले कुनै किसिमको आर्थिक उपार्जन गर्न सक्दैन । अध्ययन क्षेत्रको आय श्रोतको अवस्थालाई तालिका नं. ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : आयस्रोतको विवरण**

| आम्दानीको स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक सुरक्षा भत्ता मात्र | ८९ | ५२.६ |
| भत्ता | ६० | ३५.५० |
| अन्य | २० | ११.८३ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाकोतथ्याङ्क अनुसारसामाजिक सुरक्षा भत्ता मात्र आयस्रोत५२.६६ प्रतिशत,भत्ताआय स्रोत ३५.५० प्रतिशत रहेको छ भने अन्य आम्दानी हुने उत्तरदाताहरू ११.८३ प्रतिशत रहेको छन् । सबैभन्दा बढी उत्तरदाताहरूको आयस्रोत वृद्धा भत्ता रहेको र सबैभन्दा कम आयस्रोत अन्यबाट रहेको पाइन्छ । वृद्ध भत्ता र कृषि आयस्रोत हुने उत्तरदाताहरूले गाउँघरमा भएकोले ७० वर्ष उमेरको भए तापनि आफै कृषिको काम गरी आम्दानी गर्ने बताएका थिए । वृद्धा भत्ता मात्रै आयस्रोत वृद्ध भएकोले आफूले काम गर्न नसक्ने भएकोले हाम्रो मुख्य आम्दानीको स्रोत भत्ता नै रहेको कारण जीवन निर्वाह गर्नलाई केही सजिलो देखिन्छ ।

## ४.१० पुजापाठ सम्बन्धी विवरण

अदृश्य शक्ति माथिको विश्वास नै धर्म हो । समाजमा धर्ममाथि आस्था राख्ने र नराख्ने गरी  २ थरीको मानवहरू यस संसारमा रहेको पाइन्छ । धर्ममा आस्था राख्ने मानवहरूले आ-आफ्नो आस्थाको भगवानलाई जाति अनुसार आफ्नो संस्कार अनुसार पूजा गर्ने गरेको पाइन्छ । यस्तो खालको चलन प्राचीन कालदेखि नै चल्दै आएको थियो सोही अनुसार वर्तमानमा पनि निरन्तरता दिदै आएकोछ । अध्ययन क्षेत्रको पूजापाठ सम्बन्धी अवस्थालाई तालिका नं. ४.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९ : पुजापाठ सम्बन्धी विवरण**

| पूजापाठ सम्बन्धी विवरण | महिला | प्रतिशत | पुरूष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| पूजापाठ गर्ने | ४० | ३३.६६ | १९ | ११.२४ | ५९ | ३४.९ |
| पूजापाठ नगर्ने | ६५ | ३८.४६ | ४५ | २६.६२ | ११० | ६५.०८ |
| जम्मा | १०५ | ६२.१२ | ६४ | ३७.८६ | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका तथ्याङ्क अनुसार पूजापाठ गर्ने ३४.९ प्रतिशत र पूजापाठ नगर्नेसंख्या ६५.०८ प्रतिशत रहेको छ । पूजापाठ नगर्ने संख्या भन्दा पूजापाठ गर्नेको संख्या कम छन् । साथै पूजापाठ गर्ने महिला भन्दा पूजापाठ गर्ने पुरूषहरू कम रहेको छ ।अध्ययन क्षेत्रमा सबै जातिहरूको बसोवास रहेको भएता पनि ब्राह्मण जातिको बाहुल्यता भएको कारण ब्राह्मणहरूले पुजापाठ बढी गर्ने गरेको देखिन्छ । अन्य जातिहरूले सँधै पुजा पाठ नगरेता पनि जोग जोगमा चाही गर्ने गरेको पाइन्छ ।

## ४.११ एक्लोपन महशुस विवरण

जीवनमा विभिन्न अवस्थाहरू पार गरेर वृद्ध अवस्थासम्म आईपुग्दा शारीरिक र मानसिक रूपमा वृद्धहरू कमजोर भएका हुन्छन् । जसको कारण आफ्नो दैनिक क्रियाकलाप गर्न समेत नसक्ने अवस्थामा परिवारको धेरै सहयोगको खाँचो परेको हुन्छ तर परिवार पनि आफ्नै जन्जालमा फसेको हुने भएकाले परिवारले सहयोग नगरेको, वास्ता नगरेको जस्तो मनमा हुने गर्दछ । अध्ययन क्षेत्रको एक्लोपन महशुसको अवस्थालाई तालिका नं. ४.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१० : एक्लोपनमहशुस विवरण**

| विवरण | महिला | प्रतिशत | पुरूष | प्रतिशत | जम्मा उत्तरदाता संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| एक्लोपन नहुने | ६१ | ३६.०९ | ४१ | २४.२६ | १०२ | ६०.३५ |
| एक्लोपन हुने | ४४ | २६.०३ | २३ | १३.६० | ६७ | ३९.६३ |
| जम्मा | १०५ | ६२.१२ | ६४ | ३७.८६ | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका तथ्याङ्कअनुसार जेष्ठ नागरिकमा एक्लोपनको महसुस नहुने६०.३५ प्रतिशत रहेको पाइन्छ भने एक्लोपनको महसुस हुने३९.६३ प्रतिशत रहेको छ । पुरूष उत्तरदाताहरू भन्दा महिलाहरूमाबढी एक्लोपनको महशुस हुने पाइन्छ । सबै जना काम गर्नको लागि बाहिर जाने आफू मात्रै घरमा बस्नु पर्दाको समयमा आफूले चाहे अनुसारको खानेकुरा खान नपाउँदा, घरमा कोही पनि दुःख सुखको कुराकानी गर्ने साथी नपाउँदा, एक्लोपनको आभास हुने बताएका थिए । एक्लोपनको महसुस हुँदा प्रायः जसोलाई कताकता हिँड्न मन लाग्ने साथै छोरीको घरमा पनि जान मन लाग्ने गरेको बताएका थिए भने वृद्धाश्रममा जाने मन कसैले व्यक्त गरेकाथिएनन् ।

## ४.१२ परिवारका सदस्यबाट अपेक्षित व्यवहार

मानिस भएर यस पृथ्वीमा जन्म लिई पछि खुशी र सुखीसाथ जीवन विताउने रहर सबैजनाको अवश्य हुन्छ । त्यस्तै गरी वृद्धहरू पनि त्यही खुशी सुखीको भोगी हुने भएकोले परिवारको सदस्यहरूबाट सोही खालको अपेक्षा गर्ने गर्दछन् । वृद्ध अवस्थामा मानिसहरू शारीरिक र मानसिक दुवै रूपमा कमजोर हुने गर्दछन् । जसको कारण उनीहरूले सोचेको सुखी खुशी प्राप्त गर्नुमा परिवारको सदस्यहरूका ठूलो भूमिका हुन्छ । अध्ययन क्षेत्रका नागरिकले परिवारका सदस्यबाट अपेक्षित व्यवहारको अवस्थालाई तालिका नं. ४.११ मा प्रस्तुत गरिएको छ

**तालिका ४.११ : परिवारका सदस्यप्रतिको विवरण**

| वृद्धहरू खुशी हुने अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| माया-ममता | ६३ | ३७.२७ |
| आर्थिक प्रदान | ४१ | २४.२६ |
| सहयोगी बोली व्यवहार प्रस्तुत | ३८ | २२.४८ |
| स्याहारसुसार राम्रो | २७ | १५.९७ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिका तथ्याङ्कअनुसार परिवारका सदस्यहरूले आर्थिक माया – ममता खुशी हुने ३७.२७ प्रतिशत,घर परिवारको आर्थिक प्रदान गर्ने २४.२६ प्रतिशत, परिवारको सदस्यहरूले सहयोगी बोली व्यवहार प्रस्तुतको ३७.२७ प्रतिशत र घरपरिवारको सदस्यहरूले स्याहार सुसार राम्रो खुशी हुने उत्तरदाताहरूको संख्या १५.९७ प्रतिशत रहेको छ । आवश्यक समयमा आर्थिक उपलव्ध गराईदिएमा आफूलाई आवश्यक पर्ने आधारभूत कुराहरू आफ्नो हिसावले प्रयोग गर्न पाए खुशी लाग्ने बताएकाथिए । खुशी हुनको लागि घरपरिवारले रहेक समयमा एकै खालको माया-ममता पाएमा खुशी हुन सकिने र स्याकार सुसार राम्रो गरेमा खुशी हुने उत्तरदाताकोले अरू बेला त ठिकै हुन्छ, नसक्ने बेलामा राम्रो स्याहार सुसार गरिदिएको खण्डमा खुशी लाग्छ भन्ने कुरा रहेको छ । साथै कुराकानीको क्रममा उत्तरदाताहरूको मनमा परेको दुःख सुखको कुरा सुनिदिने मान्छे भए खुशी लाग्दछ ।

## ४.१३ जेष्ठ नागरिक सम्मान सम्बन्धी धारणा

वृद्धवृद्धाहरू हाम्रो समाज र परिवारको निम्ति गहनाको रूपमा मानिदै आएको पाइन्छ । वृद्धहरू आफ्नो जीवन जिउने क्रममा धेरै तीता-मिठा अनुभवहरू बटुलेका हुन्छन् त्यसैले हामी जिउँदो इतिहासको रूपमा लिने गरिन्छ । अध्ययन क्षेत्रमा वृद्धवृद्धाहरू समाजका सम्मानित र प्रतिष्ठित अवस्थालाई तालिका नं. ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२ : जेष्ठ नागरिकहरूको सम्मान सम्बन्धी विवरण**

| माया, सम्मानको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| छोराछोरीले गर्ने माया सम्मान | ६२ | ३६.६८ |
| नातिनातिनीले गर्ने माया सम्मान | ५२ | ३०.७६ |
| आफन्तले गर्ने माया सम्मान | ३१ | १८.३४ |
| समाजले गर्ने माया सम्मान | २४ | १४.२० |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकातथ्याङ्क अनुसार जेष्ठ नागरिकहरूलाई छोराछोरीले माया, सम्मान गर्ने ३६.६८ प्रतिशत, नातिनातिनीले माया, सम्मान गर्ने ३०.७६ प्रतिशत, आफन्तले माया, सम्मानगर्ने१८.३४ प्रतिशत र समाजले माया सम्मान गर्ने१४.२० प्रतिशत रहेको पाइयो । सबभन्दा बढी माया र सम्मान छोराछोरीले नै गर्ने देखियो भने नातिनातिनीले पनि माया र सम्मान निकै गरेको पाइयो ।

## ४.१४ ज्येष्ठ नागरिकको वासस्थानको अवस्था

जन्मथलो भनेको जन्मेको ठाउँ भन्ने गरिन्छ । नेपालमा एक ठाउँबाट अर्को ठाउँमा वसाईसराइ गर्ने चलन परापूर्व कालदेखि नै चल्दै आएको छ । प्रस्तुत अध्ययन क्षेत्रमा पनि मानिसहरू विभिन्न कारणहरूले गर्दा वसाईसराइको अवस्था रहेको छ ।अध्ययन क्षेत्रमा पनि मानिसहरु विभिन्न कारणहरुले गर्दा बसाइसराइको अवस्थालाई तालिका नं. ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३ :ज्येष्ठ नागरिक र वासस्थानको अवस्था विवरण**

| जन्मथलोको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जन्मथलो | १२९ | ७६.३३ |
| वसाई सरेर आएको | ४० | २३.६६ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकातथ्याङ्क अनुसार पुरानो ठाउँमा नै वसाई नगरी बस्ने७६.३३ प्रतिशत र अध्ययन क्षेत्रमा नयाँ वसाई सरेर आएको ३.६६ प्रतिशत रहेको पाइन्छ । अध्ययन क्षेत्रमा नै

जन्मेको ठाउँमा नै वसाई नगरी त्यही नै बसिरहेको संख्या बढी र नयाँ वसाई सरेर आएको संख्या कम रहेको रयस्तो हुनुको मुख्य कारण चाहिँ आफ्नो जन्मेको ठाउँको माया हुने साथै अन्य राम्रो ठाउँमा जानको लागि आफूसँग प्रशस्त धन सम्पत्ति नहुने भएकोले पनि वसाईसराइ त्यति धेरै नरहेको साथै अन्य गाउँबाट पनि वसाई सरेर यस गाउँमा कम आएका छन् ।

## ४.१५ पूर्व पेशागत

जीवन निर्वाह गर्नको लागि कुनै न कुनै पेशाको आवश्यकता पर्दछ । पेशा सबैको फरक फरक हुन्छ । मानिसहरूले आफ्नो जीवन गुजारा गर्न होस् वा आर्थिक रूपमा सम्पन्न हुनको लागि विभिन्न खालको पेशाहरू अँगालेका हुन्छन् (जस्तै- व्यापार व्यवसाय, जागिर, कृषि आदि) मानिसले जस्तो खालको पेशा अँगालेको हुन्छ सोही अनुसारको अर्जोपार्जन गर्ने गरेको पाइन्छ । जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नु पूर्वका पेशागत अध्ययन क्षेत्रको अवस्थालाई तालिका नं. ४.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४ : पूर्व पेशागत विवरण**

| पेशा | महिला | प्रतिशत | पुरूष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| व्यापार | ३५ | २०.७१ | १५ | ८.८७ | ५० | २९.५८ |
| जागिर | २० | ११.८३ | २५ | १४.७९ | ४५ | २६. ६२ |
| कृषि | २५ | १४.७९ | २० | ११.८३ | ४५ | २६ .६२ |
| अन्य | २५ | १४.७९ | ४ | २.२६ | २९ | १७ .०५ |
| जम्मा | १०५ | ६२.१२ | ६४ | ३७.७५ | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसार व्यापार पेशा गर्ने २९.५८ प्रतिशत, जागिर गर्ने २६.६२ प्रतिशत, कृषि गर्ने उत्तरदाताहरू २६.६२ प्रतिशत रहेको पाइयो भने अन्य विभिन्न खालको पेशा गर्ने१७.०५ प्रतिशत रहेको पाइयो । लैंगिक हिसावले हेर्दा व्यापार पेशा गर्ने पुरूष ८.८७ प्रतिशत र महिलाको २०.७१ प्रतिशत रहेको छ । जागिर गर्ने पुरूष१४.७९ प्रतिशत, महिला११.८७ प्रतिशत रहेकोपाइन्छ । कृषि गर्ने पुरूष११.८३ प्रतिशत र महिलाको १४.७९ प्रतिशत रहेका छन् । अन्य विभिन्न पेशा गर्ने पुरूष २.२६ प्रतिशत र महिला१४.७९

प्रतिशत रहेको पाइयो । यसरी हेर्दा जागिर खाने पुरूषको तुलनामा महिलाको संख्या न्यून रहेको छ ।

## ४.१६ स्वास्थ्य सेवाको पहुँच

वृद्ध अवस्था एक शारीरिक रूपमा कमजोर हुने अवस्था हो । जसको कारण विभिन्न खालको रोगहरूले आक्रमण गरेर छिनछिनमा बिरामी हुने अवस्था भएकोले स्वास्थ्य संस्थामा गएर स्वास्थ्य सेवा लिनु पर्ने हुन्छ । अध्ययन क्षेत्रको जेष्ठ नागरिकहरुले स्वास्थ्य सेवाको पहुँच अवस्थालाई तालिका नं. ४.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५ : उत्तरदाताहरूको स्वास्थ्य सेवाको विवरण**

| स्वास्थ्य सेवाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| प्राईभेट अस्पतालमा जाने | १०९ | ६४.४९ |
| स्वास्थ्य चौकी/सहरी स्वास्थ्य केन्द्र/सरकारी अस्पताल | ३१ | १८.३४ |
| झारफुक तथा घरेलु | १५ | ८.८७ |
| स्वास्थ्य संस्था नजाने | १४ | ८.२८ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाकोतथ्याङ्क अनुसार बिरामी हुँदा प्राईभेट अस्पतालमा जाने सेवा लिने ६४.४९ प्रतिशत, स्वास्थ्य चौकी/सहरी स्वास्थ्य केन्द्र/सरकारी अस्पताल गएर सेवा लिने १८.३४ प्रतिशत,झारफुक गर्ने वा घरेलु सेवा लिने ८.८७ प्रतिशत र स्वास्थ्य सेवा लिन नजाने ८.२८ प्रतिशत रहेको छ ।

## ४.१७ सामाजिक सुरक्षा भत्ता प्राप्तिको अवधिको विवरण

नेपाल सरकारले २०५१ सालदेखि जेष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आईरहेको छ । यस भत्ताबाट जेष्ठ नागरिकहरूलाई जीवन संचालन गर्नमा सहज भएको छ। जसलाई तालिका नं. ४.१६ मा प्रस्तु गरिएको छ ।

**तालिका ४.१६ :उत्तरदाताहरूको सामाजिक सुरक्षाभत्ता प्राप्तिको अवधि विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| ५ वर्ष सम्म | ८८ | ५२.०७ |
| ५ देखि १० वर्षसम्म | ५८ | ३४.३१ |
| ११ वर्ष भन्दा माथि | २३ | १३.६० |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाकोतथ्याङ्कअनुसार ५ वर्षसम्म कम भत्ता पाएका५२.०७ प्रतिशत रहेको पाइन्छ । ५ देखि १० वर्ष सम्म भत्ता३४.३१ प्रतिशत रहेको छ भने ११ वर्ष भन्दा माथि भत्ता पाएका १३.६० प्रतिशत रहेको छ । ५ वर्ष भन्दा कम वर्ष भएका सबैभन्दा बढी र ११ वर्ष भन्दा माथिका उत्तरदाताहरू सबभन्दा कम रहेका छन् । ५ वर्ष भन्दा कम भएको अनुसार धेरै वर्ष पुगेको भए तापनि कागजपत्र बनाउनलाई मिलाउँदा भर्खर भर्खरबाट भत्ता पाएको साथै नागरिकतामा कम उमेर भएकाले धेरै वर्ष भए पनि ढिला मात्रै भत्ता पाएको देखिन्छ । धेरै जनाले आफुले भत्ता पाएको साल भुलेको पाइन्छ ।

# अध्याय : पाँच

# ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता प्रतिको दृष्टिकोण

अध्ययनमा नागरिक भत्ता प्रतिको दृष्टिकोण, भत्ता विवरण चलनप्रतिको सन्तुष्टि असन्तुष्टि तथा विवरण अवधि, भत्ता वृद्धि सम्बन्धी धारणा, ज्येष्ठ नागरिक कल्याण नीति तथा ऐन सम्बन्धी धारणा, वृद्ध अवस्थाको अनुभव, भत्ता नभएको भए जीवनमा पार्ने प्रभाव ऐन सम्बन्धी धारणा, पहिलो पटक भत्ता पाउँदाको अनुभव, भत्ता लिन जाँदा लाग्ने समय, भत्ता प्रयोगको विवरण, भत्ता प्राप्ति पश्चात ज्येष्ठ नागरिक प्रतिको व्यवहार, स्वास्थ्य अवस्था नियमित औषधी विवरण, भत्ता बचत गर्ने नगर्ने, निर्णय प्रक्रिया, शारीरिक अवस्था, नियमित सेवन गर्ने औषधी विवरण इत्यादि विषय रहेको छ ।

## ५.१ भत्ता प्रतिको दृष्टिकोण

नेपाल सरकारले जेष्ठ नागरिकहरूलाई सम्मान स्वरूप जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था वि.सं २०५१/५२ साल देखि वितरण गर्दै आएको छ । वितरण गर्ने जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता प्रति जेष्ठ नागरिकहरूले भत्ता वृद्धि सम्बन्धि दृष्टिकोणलाई तालिका नम्बर ५.१.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.१ : भत्ता प्रतिको दृष्टिकोण विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सन्तुष्टि छु | ११० | ६५.०८ |
| सन्तुष्टि छैन | ५९ | ३४.९१ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०७८*

तालिकाको तथ्याङ्कअनुसार सरकारले दिने मासिक जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताबाट सन्तुष्टि हुने ६५.०८ प्रतिशत रहेको छ भने सरकारले दिने मासिक जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताबाट सन्तुष्टि नहुने ३४.९१ प्रतिशत रहेको छ ।सरकारले दिने मासिक जेष्ठ मासिक जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताबाट सन्तुष्टि हुनेहरू बढि र मासिक मासिक जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताबाट सन्तुष्टि नहुनेको कम पाइन्छ । सन्तुष्टि छु भन्ने उत्तरदाताहरूले बिहान बेलुका सामान्य खानालाई पुगेको छ सरकारले सम्मानको साथ दिएकोमा सन्तुष्टि भएको बताएका छन् भने सन्तुष्टि छैन भन्ने उत्तरदाताहरूले सरकारले दिने मासिक रकम थोरै भएको वृद्धहरूलाई छल्ने काम भएको कुनै पनि

आवश्यकताहरू पूर्ति गर्न नसकेकोकुरा रहेको छ । अध्ययन क्षेत्रमा तालिका नं. ५.१.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१.२भत्ता प्रतिको दुष्टिकोण विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भत्ता वृद्धि भइ हुन्थ्यो जस्तो लाग्ने | १२० | ७१.०० |
| वृद्धि भइ हुन्थ्यो जस्तो नलाग्ने | ९ | ५.३२ |
| ठिकै लाग्ने | ४० | २३.६६ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०७८*

तालिकाको तथ्याङ्क अनुसार भत्ता वृद्धि भए हुन्थ्यो जस्तो लाग्ने७१.०० प्रतिशत, भत्ता वृद्धिको अपेक्षा गर्नहरू ५.३२ प्रतिशत र भत्ता वृद्धि भए पनि ठिकै नभए पनि ठिकै भन्ने२३.६६ प्रतिशत रहेको छ । यसरी हेर्दा भत्ता वृद्धि भए हुन्थ्यो सबैभन्दा बढि र भत्ता वृद्धि भए हुन्थ्यो जस्तो नलाग्ने संख्या सबभन्दा कम रहेको पाइयो । जेष्ठ नागरिकहरूको आफ्नो आम्दानीको स्रोत अथवा आफ्नो इच्छाले चलाउन मिल्ने रकम खासमा अरू केही नहुने भएकोले भत्ता आफ्नो इच्छाले चलाउन पाउने भएकोले समय सुहाउँदो भत्ताको वृद्धि भएमा हौसला हुने थियो ।

## ५.२ भत्ता विवरण रजेष्ठ नागरिकको अपेक्षा

सरकारले जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता गर्नको लागि समय सुहाउँदो किसिमले वितरण गर्दै आएको छ शुरू शुरूमा भत्ता वितरण गाविसले जनताको पाईक पर्ने ठाउँमा गएर हातहातमा रकम वितरण गर्दै आएकोमा केही समय देखि चुष्ट र दुरूस्त हिसाब राख्नको लागि सबै जेष्ठ नागरिकको खातामा बैंक मार्फत रकम निकाल्नु पर्ने व्यवस्था तथा प्रकृया गरेको छ । यो प्रकृयाबाट उत्तरदाताहरू सन्तुष्टि असन्तुष्टि के छ तथा मासिक भत्ता वर्तमान समयमा आएर चौमासिकरूपमा वितरण गर्दै आएको छ ।जेष्ठ नागरिकको भत्ता विवरण अवधि र त्यस प्राप्त जेष्ठ नागरिकको दृष्टिकोणले तालिका नं. ५.२.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२.१: भत्ता जेष्ठ नागरिकको अपेक्षा विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| असन्तुष्टि | १२४ | ७३.३७ |
| सन्तुष्टि | ४५ | २६.६२ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसार सरकारले दिने जेष्ठ नागरिक सामाजिक सुरक्षा वितरण प्रणाली वा प्रकृया प्रति असन्तुष्टि हुने ७३.३७ प्रतिशत रहेको र प्रकृया प्रति सन्तुष्टि हुने २६.६२ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा सन्तुष्टि छु भन्ने उत्तरूदातोको संख्या प्रतिशत कम र असन्तुष्टि छु भन्ने उत्तरदाताको संख्या बढि छन् । सन्तुष्टि हुने उत्तरदाताहरूले सरकारले ठिक गरेको छ आफ्नो समयमा बैंकमा गएर सकम लिन पाइन्छ भन्ने कुरा बताएका थिए भने असन्तुष्टि उत्तरदाताहरूले सरकारले पनि भौगोलिक अवस्थालाई हेरेर यो प्रकृया ल्याउनु पर्ने गाँउ घरको बाटो बैंकमा जानको लागि समय धेरै लाग्ने, वर्षाको बेलामा भत्ता लिन जाँदा कतै वृद्ध अवस्था भएकोले हिडेर जान सम्भव नहुने हुनाले गाडी रिर्जभ गरेर जानु पर्ने सरकारले दिने रकम आधा जति सकिने जस्ता असन्तुष्टि रहेका थिए ।अध्ययन क्षेत्रमा तालिका नं. ५.२.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२.२ज्येष्ठ नागरिकको अपेक्षा विवरण**

| भत्ता वितरण अवधि | संख्या | प्रतिशत |
|---|---|---|
| महिनै पिच्छे | ५५ | ३२.५४ |
| दुई महिना | १५ | ८.८७ |
| तीन महिना | ३१ | १८.३४ |
| चार महिना | ६८ | ४०.२३ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०७८*

तालिकाको तथ्याङ्क अनुसारभत्ता वितरणको अवधि महिनै पिच्छे वितरण गरे ठिक हुन्छ भन्ने ३२.५४ प्रतिशत, दुई महिनामा भत्ता वितरण गरे ठिक हुन्छ भन्ने ८.८७ प्रतिशत, तीन महिनामा भत्ता वितरण गर्दा ठिक हुन्छ भन्ने  संख्या १८.३४ प्रतिशत र

चौमासिक रूपमा भत्ता वितरण गरेको संख्या ४०.२३ प्रतिशत रहेको छ । सबैभन्दा धेरैले चौमासिक रूपमा वितरण गर्दा ठिक हुन्छ भनेका छन्  महिना पिच्छे भत्ता वितरण गरेमा ठिक हुने मासिक रूपमा रकम उपलब्ध भयो भने बैंकमा मासिक ब्याज आउने तथा काम चलाउन पनि कसैसँग हात फैलाउन नपर्ने भएकोछ ।

## ५.३ ज्येष्ठ नागरिकको राज्यसगँको अपेक्षा

जेष्ठ नागरिकहरूको लागि नेपाल सरकारको निकै उपयोगी कार्यक्रमहरू पारित गरेको पाइन्छ । पारित भएर लागु भएको कार्यक्रमहरूको राम्रोसँग कार्यान्वयन गरेको कारण जेष्ठ नागरिकहरू पनि सकारात्मक भएको छभने कतिपय कार्यक्रमहरू पनि कार्यान्वयन पक्ष कमजोर भएको पाइन्छ । जेष्ठ नागरिकको हक हितको लागि नेपाल सरकारले विभिन्न खालको ऐन नियमहरू निर्माण गरेको ऐन नियमहरू जेष्ठ नागरिकहरूको लागि नै निर्माण भएको भएतापनि सरकारले नियम कडाईको साथ पालना नगरेको कारण वा जेष्ठ नागरिकहरू त्यो सूचना प्राप्त गर्ने पहुँचसम्म पुग्न नसकेको अथवा परिवारले जेष्ठ नागरिकको हकहितको बारेमा चासो नदेखाएको कारण पनि जेष्ठ नागरिकहरूले आफ्नो लागि बनाइएका ऐन नियमको उपयोग गर्नको लागि पनि आफ्ना ऐन नियमको बारेमा जानकारी हुनु आवश्यक छ भन्ने अध्ययन क्षेत्रको अवस्थालाई तालिका नं. ५.३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३.१: ज्येष्ठ नागरिकको राज्यसगँको अपेक्षा विवरण**

| नियमको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भत्ता नकटाई दिने | ३० | १७.७५ |
| भत्ता गाउँघरमा वितरण गरिदिने | ५५ | ३२.५४ |
| निःशुल्क औषधी व्यवस्था घरघरमा | ४० | २३.६६ |
| अन्य | ४४ | २६.०३ |
| **जम्मा** | **१६९** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसारसरकारले भत्ता नकटाई दिने नियम ल्याईदिए हुन्थ्यो भन्ने१७.७५ प्रतिशत, सरकारले गाउँघरमा नै गएर भत्ता वितरण गरिदिने नियम बनाईदिए हुन्थ्यो ३२.५४ प्रतिशत, सरकारले निःशुल्क औषधी घरघरमा व्यवस्थाको नियम बनाईदिए हुन्थ्यो भन्ने२३.६६ प्रतिशत र सरकारले अन्य विभिन्न खालको नियम ल्याईदिए हुन्थ्यो भन्न

२६.०२ प्रतिशत रहेको छ । यसरी हेर्दा गाउँघरमा नै वृद्ध भत्ता वितरण गर्ने नियम बनाईदिए हुन्थ्यो भन्ने संख्या बढी रहेको छ किनभने वृद्धहरूको लागि भौगोलिक विकटताको कारण बैंकमा भत्ता बुझ्न जानलाई सास्ती भएको बताएका थिए । घरघरमा निःशुल्क औषधी उपचार गरिदिए हुन्थ्यो भन्ने अनुसार स्वास्थ्य संस्था नभएको कारण अकालमा मर्नु पर्ने अवस्थाको सृजना हुने भएकोले समय समयमा स्वास्थ्य जाँच गर्न घरघरमा आउने र निःशुल्क औषधी उपलव्ध गराउने नियम बनाई दिएमा आभारी हुने थियो । यसै गरी अन्य धेरै नियमहरू बनाई दिए हुने भन्ने रहेको छ, जस्तै- आमा-बाबालाई छोराछोरीले हेला गरेको खण्डमा सजाय दिने, बेला बेलामा भत्ता बढाई दिने जस्ता नियम बनाई दिएमा अझ धेरै धन्यवाद दिने थियो ।यस अध्ययनमा क्षेत्रलाई जेष्ठनागरिकको राज्यसँगको अपेक्षालाई तालिका नं. ५.३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.३.२ ज्येष्ठ नागरिकको राज्यसगँको अपेक्षा विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जानकारी नभएको | १३९ | ८२.२४ |
| जानकारी भएका | ३० | १७.७५ |
| **जम्मा** | **१६९** | **१००** |

*स्रोत : स्थलगत अध्ययन २०७८*

तालिकाको तथ्याङ्क अनुसार जेष्ठ नागरिक सम्बन्धी केही ऐन नियमहरूको बारेमा जानकारी नभएको ८२.२४ प्रतिशत र जेष्ठ नागरिक सम्बन्धी ऐन नियम कानुनको बारेमा केही पनि जानकारी भएको१७.७५ प्रतिशत रहेको पाइन्छ । जानकारी छ भन्नेले मोवाईलबाट, रेडियोबाट अनि छोराछोरी, नातिनातिनीहरूले भनेर केही कुरा जानकारी पाएको तर सबैको बारेमा जानकारी पाएको भन्ने आफूहरूसँग मोवाईल, रेडियो नभएको त्यसैमाथि पढ्न लेख्न नजान्ने भएर केही जानकारी नपाउने कसैले पनि जानकारी नदिने र सरकारले भत्ता दिन्छ भनेर गाउँमा आएर दिनुभयो फेरी अब त बैंकमा खाता खोल्नु पर्छ भनेको भएर खाता खोलेर त्यसैमा भत्ता आउँछ खान्छौं तर अन्य ऐन नियमको बारेमा केही जानकारी नभएको थियो ।

## ५.४ भत्ता नहुँदाको अवस्थामा जीवनप्रतिको दृष्टिकोण

वृद्ध अवस्था भनेको शारीरिक मानसिक रूपमा बिस्तारै कमजोर हुँदै जाने अवस्था हो । वृद्धहरू विभिन्न खालको अनुभवको खानी हुन्छन्, किनभने धेरै कुरा जानेका, बुझेका, व्यहोरेका हुन्छन् । वृद्धहरूले विभिन्न प्रकारको अवस्थाहरू पार गरेर आएको हुनाले कुन अवस्थामा कस्तो अनुभव भयो, कुन अवस्थामा कस्तो अनुभव व्यहोर्नु पऱ्यो भन्ने कुराको अनुभवसँग वर्तमानमा आफूले व्यहोर्दै गरेको अनुभवको तुलना गर्दै गर्दा वृद्ध अवस्था अन्य अवस्था भन्दा जीवन बिताउन निकै गाह्रो हुने अवस्थालाई तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ :भत्ता नहुँदाको अवस्थामा जीवनप्रतिको दृष्टिकोण विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| अरूमा भर पर्नु पर्ने | ८२ | ४८.५२ |
| जीवन निर्वाह कठिन | ५० | २९.५८ |
| मागेर खानु पर्ने | २० | ११.८३ |
| खासै प्रभाव नपर्ने | १७ | १०.०५ |
| **जम्मा** | **१६९** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिककोतथ्याङ्क अनुसार जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था नभएको थियो भने दैनिक जीवन निर्वाहमा गाह्रो हुने थियो भन्ने२९.५८ प्रतिशत, जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था हुँदैन भने पूर्ण रूपमा अरूको भर पर्नु पर्ने थियो भन्नेको ४८.५२ प्रतिशत, भत्ताको व्यवस्था हुँदैन थियो भने मगन्ते भएर खानु पर्नेको ११.८३ प्रतिशत र भत्ताको व्यवस्था नभए पनि जीवन जिउने क्रममा खासै प्रभावको१०.०५ प्रतिशत रहेका छन । यसरी हेर्दा भत्ताको व्यवस्था नभएको भए पूर्ण रूपमा अरूमाथि भर पर्नु पर्नेको संख्या बढी रहेको पाइयो किन भन्दा वृद्ध अवस्थामा आफ्नो कमाई केही नहुने परिवारमा निर्भर रहनु पर्ने अवस्था भएकोले यदि सरकारले भत्ताको व्यवस्था नगरिदिएको भए पूर्ण रूपमा अरूको भर पर्नु पर्ने भएकोले आफ्नो इच्छाहरू पूरा गर्नमा समस्या हुने कुरा बताएका थिए । मागेर खानु पर्ने थियो भन्ने उत्तरदाताहरू परिवार भत्ता तथा आफन्त नभएर एक्लै बस्दै गरेको आम्दानिको अन्य कुनै पनि स्रोत नभएकोले सक्दासम्म ज्यालामा

अरूको काम गरेर खाने शरीरले नसक्ने अवस्थामा अवश्य पनि हात फैलाएर मागेर खानु पर्ने अवस्था आउने थियो ।राम्रोसँग स्याहार सुसार गरेको साथै आफ्नो पनि बैंकमा वचत भएकाहरू भत्ताको व्यवस्था नभए पनि खासै असर नपर्नेथियो ।

## ५.५ सामाजिक सुरक्षा भत्ताकोपहिलो अनुभव

सरकारले जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता २०५१ सालदेखि सरकारले व्यवस्था गरेको हो । सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको कारण वृद्धहरूले सम्मानको अनुभूति पनि गर्न पाएका छन् । अध्ययन क्षेत्रको जेष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता पाउँदाको अनुभवलाई तालिका नं. ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : उत्तरदाताहरूको पहिलो अनुभव विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| खुशी/आनन्द लागेका | ९० | ५३.२५ |
| सहारा पाएको अनुभव | ३५ | २०.७१ |
| आर्थिक रूपमा राहत पाएको अनुभव | ३० | १७.७५ |
| सम्मान पाएको अनुभव | १४ | ८.२८ |
| **जम्मा** | **१६९** | **१००%** |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्कअनुसार पहिलो पटक जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता पाउँदा खुशी र आनन्द लागेमा  अनुभव गरेकाहरूको ५३.२५ प्रतिशत, सहारा पाएको जस्तो अनुभव गर्ने२०.७१ प्रतिशत, आर्थिक रूपमा राहत पाएको अनुभव गर्नेको१७.७५ प्रतिशत रसम्मान पाएको अनुभवको ८.२८ प्रतिशत रहेको छ । ज्येष्ठ नागरिकले शरीरमा भएको जीवनमा सहाराको आवश्यकता भएको सरकारले जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था नेपाल सरकारले हामी पनि सरकारको एक अंग हो भन्ने अनुभूति गराईदिएको छ किनभने वृद्ध अवस्थामा शारीरिक तथा मानसिक रूपमा कमजोर भएको अवस्था कुनै जेष्ठ नागरिकहरूलाई घरपरिवारले हेला गरेको, राम्रो खानेकुरा खान ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता पहिलो पटक प्राप्तीको अनुभवलाई प्रष्ट पार्न वैयक्तिक अध्ययन नं. १ प्रस्तुत गरिएको छ ।

**वैयक्तिक अध्ययन–१**

*मेरो नाम केशवराज कोइराला (नाम परिवर्तन) हो । म पोखरा महानगरपालिका वडा नं. ०४ गणेशटोलमा बस्दै आएको छु । मलाई सामान्य लेखपढ गर्न आउँछ । म अहिले ८७ बर्षको भएँ । मेरो एक श्रीमती, दुई छोरी र ३ छोराहरु छन् । म पहिला वेगनास गाउँमा बस्थें । त्यहाँ खेतीपाती, पशुपालन र मौरीपालन गरेर बस्थें । छोराछोरी सबै विवाह गरेर आ-आफ्नो परिवार मात्रै अलग्गै बस्थे । हामी दुई बुढाबुढी मात्र*

*बस्थ्यौं । काम गर्न सक्ने हुँदासम्म हामी दुईजना गाउँमा नै बसेका थियौं भने म रुखबाट लडेर मेरुदण्डमा समस्या आएपछि अहिले भने पोखरामा जेठा छोरासँग बस्दै आएका*

*छौं ।*

*अहिले हाम्रो कमाईको स्रोत वृद्धभत्ता बाहेक अरु केही छैन । श्रीमती पनि प्रेसरको बिरामी छिन् र म मेरुदण्डको बिरामी छु । त्यसैले हामी दुवै जनालाई नियमित औषधी खानुपर्दछ । हामीले वृद्धभत्ताबाट नियमित रुपमा खाने औषधीको लागि सहयोग भएको छ । शुरु शुरुमा त आफ्नो पाखुरामा बल हुँदा काम गरेर मिहेनत गरेर पेशा गरिन्थ्यो तर विस्तारै आफ्नो बल कम हुँदै जाने र विभिन्न रोगहरुले पनि आक्रमण गर्दै जाँदा चाहि यो जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिएर धेरै ठिक गरेको रहेछ । हामी जस्तो वृद्धवृद्धाहरुको लागि सहयोगीको रुपमा स्थापना भएको रहेछ भन्ने महशुस भएको छ । छोराहरु सबै सँगै नभएपनि पनि ठूलो खालको औषधी उपचार गर्नु पर्‍यो भने त हेर्छन् होला अहिलेसम्म परेको छैन । सानातिना उपचार गर्न र मन परेका केही*

## ५.६ सामाजिक सुरक्षा भत्ताको प्रयोग र पारिचालन

नेपाल सरकारको योजना अनुरूप संचालनमा आएको सामीजक सुरक्षा भत्ता अन्तर्गतको जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । वृद्धाहरूको लागि सरकारले भत्ताको कार्यक्रम ल्याएकोले वृद्धहरूले सो भत्ता वापत प्राप्त गरेको रकमलाई ज्येष्ठ नागरिकले गदैं आएको प्रयोग र पारिचालको अवस्थालाई तालिका नं. ५.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.६ : सामाजिक सुरक्षा भत्ता प्रयोग र परिचालनको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| घरयासी खर्च | ९३ | ५५.०२ |
| व्यक्तिगत खर्च | ३५ | २०.७१ |
| अन्य खर्च | ४१ | २४.२६ |
| **जम्मा** | **१६९** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसार जेष्ठ नागरिकहरूलाई सरकारले वितरण गरेको भत्तालाई घरयासी खर्चमा प्रयोग गर्नेको५५.०२ प्रतिशत, व्यक्तिगत कामको लागि प्रयोगको २०.७१ प्रतिशत र अन्य विभिन्न काममा प्रयोग गर्ने २४.२६ प्रतिशत रहेको छ । यसरी हेर्दा सबभन्दा घर खर्चमा प्रयोग गर्ने गरेको पाइयो भने सबभन्दा कम व्यक्तिगत कामको लागि प्रयोग गरेको पाइयो । अन्त्यमा खर्च गर्ने उत्तरदाताहरूले भने केहीले ऋण तिर्न, केहीले औषधी उपचारको लागि, केहीले भविष्यको लागि वचत गर्ने, नातिनातिनीलाई दक्षिणाको लागि दिने, केहीले सामाजिक काममा आदि विभिन्न काममा प्रयोग गर्ने गरेको थिए ।

## ५.७ सामाजिक सुरक्षा भत्ता प्राप्ति पश्चात

मानव जीवनको लागि समाज र परिवार अति महत्वपूर्ण पक्ष हो । समाज र परिवारले जीवनलाई अगाडि बढ्नलाई मुख्य भूमिका खेलेको हुन्छ । हरेक मानवलाई समाज र परिवारले कसरी हेरेको छ भन्ने कुराले धेरै महत्व राख्दछ । मानव जिउने क्रममा जब हरेक अवस्थाहरू पार गर्दै वृद्ध अवस्थामा आईपुग्दछ तब झन् समाज र परिवारको जिम्मेवारी र सहयोगको अति आवश्यक हुन्छ । सरकारले जेष्ठ नागरिकहरूलाई सम्मान स्वरूप यो भत्ताको व्यवस्था गरेको कारण परिवार र समाजलाई अझ आफ्नो जिम्मेवारीवोध हुँदै गएको छ ।अध्ययन क्षेत्रको सामाजिक सुरक्षा भत्ता प्राप्ती पश्चात जेष्ठ नागरिक गर्नको अवस्थालाई तालिका नं. ५.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.७ : उत्तरदाताहरूको भत्ता प्राप्ति पश्चात विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| माया ममतामा वृद्धि | ९८ | ५७.९८ |
| विश्वास गर्ने | ४६ | २७.२१ |
| ऋण/उधारो पत्याउँन | २५ | १४.७९ |
| **जम्मा** | **१६९** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्कअनुसार माया ममतामा वृद्धिको ५७.९८ प्रतिशत, परिवार तथा समाजबाटविश्वास गर्नेको२७.२१ प्रतिशत रहेको र ऋण/उधारो पत्याउँने गर्दछन् भन्ने उत्तरदाताहरूको १४.७९ प्रतिशत रहेको पाइन्छ । नागरिक सामाजिक सुरक्षा भत्ताले गर्दा समाज र परिवारले हेर्ने दृष्टिकोणमा धेरै फरक आएको र भत्ता प्राप्ति पश्चात समाज तथा परिवारको जेष्ठ नागरिकप्रतिको व्यवहारमा आएको परिवर्तनलाई थप स्पष्ट पार्न वैयक्तिक अध्ययन नं. २ लाई प्रस्तुत गरिएको छ ।

***वैयक्तिक विवरण –२***

*मेरो नाम लाल बहादुर क्षेत्री(नाम परिवर्तन) हो । मेरो उमेर ८५ बर्ष भयो । मेरो विवाह भएको छैन । मेरा दाईभाईहरु छन् । उनीहरु आ-आफ्नो परिवारसँग बसेका छन् र म एक्लै छु । १५ बर्षदेखि मैले सरकारले दिएको ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता लिने गरेको छु । मेरो स्वास्थ्य अवस्था ठिकै छ । सामान्य हिडडुल गर्न सक्दछु । मैले कुनै किसिमको नियमित औषधी सेवन गर्दिन । मेरो अहिले कमाईको स्रोत वृद्धभत्ता बाहेक अरु केही पनि छैन । यो भत्ताबाट बिहान बेलुकीको छाक टरेको छ । शुरु शुरुमा त आफ्नो पाखुरामा बल हुँदा सामाजिक काम पनि गरेको हुँ । अहिले एक्ले बसेको छु । भोलिका दिनहरुमा नसक्द मेरा दाईभाईका छोराछोरीहरुको सहयोगले जीवनयापन गर्नेछु भन्ने आस गरेको छु । बिरामी हुँदा फोन गरिदियो भने दाईभाई आइहाल्छन् ।*

*यसरी नै जीवन गुजारा चलिरहेको थियो । अब त झन् काम गरेर खान पनि नसकिने अवस्था सिर्जना हुँदै गएको बेलामा जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता पाउने उमेर पनि पुग्यो तब मेरो लागि एक सहयात्री जस्तै बन्यो । प्रत्येक ४-४ महिनामा भत्ता बुझ्ने सरकारको नीति भएको कारण सोही अनुसार योजना बनाएर अगाडि बढ्ने आँट आयो । सोही अनुसार पसलबाट पुरानो हिसाब किताब चुक्ता गर्ने अनि फेरी भत्ता पाएपछि तिर्छु भेर अर्को रासन पानी उधारो ल्याउने गरेको छु । यसरी नै आफ्नो दैनिकी चलेको छ । यसैक्रममा दुखेसो पोख्दै पहिला पहिला एउटा चुरोटको खिल्ली पनि उधारो पत्याउँदैन थिए साहुले अहिले भत्ता बुझेर खुरुखुरु तिर्ने भएकोले पत्याउँछन् । त्यसैले जीवन गुजारा गर्न निकै सहज भएको छ । यदि सरकारले यो भत्ता वितरण गर्ने प्राबधान नल्याएको भए,*

*पेन्सन नहुने गरिब, दु:खी, छोराछोरीले हेरविचार नपुऱ्याउने ज्येष्ठ नागरिकलाई दैनिक*

## ५.८ जेष्ठ नागरिकको स्वास्थ्यको अवस्था

मानव जीवनको लागि स्वास्थ्य एक अमूल्य धन हो । स्वास्थ्यको बारेमा सबै अवस्थाको व्यक्तिहरू सचेत हुन जरूरी छ । मानवको जीवन स्वस्थ भयो भने सम्पूर्ण क्रियाकलापहरू सहज र सजिलो तरिकाले गर्न सक्छ । वृद्ध अवस्था एक विशेष अवस्था भएकोले शारीरिक र मानसिक रूपमा कमजोर हुँदै गएको हुन्छ। जब शारीरिक र मानसिक रूपमा कमजोर हुँदै जान्छ तब रोग प्रतिरोधात्मक क्षमता पनि बिस्तारै कम हुँदै जान्छ अनि विभिन्न किसिमको सामान्य तथा दीर्घ रोगहरूले आक्रमण गर्दै जान्छ तब विस्तारै विस्तारै

वृद्धहरूको अवस्था नाजुक हुँदै जाने भएकोले परिवार र आफन्तको सहयोगको आवश्यकता अति नै जरूरत पर्दछ।अध्ययन क्षेत्रको जेष्ठ नागरिक स्वास्थको अवस्थालाई तालिका नं. ५.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.८ : जेष्ठ नागरिकको स्वास्थ्यको अवस्था विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| मधुमेह दीर्घ रोग नभएको | १०९ | ६४.४९ |
| उच्च रक्तचाप | २५ | १४.७९ |
| मधुमेह | १५ | ८.८५७ |
| दम | १५ | ८.८७ |
| मुटु रोग | ५ | २.९५ |
| **जम्मा** | **१६९** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसार  मधुमेह दीर्घ रोग नभएका ६४.४९ प्रतिशत,उच्च रक्तचाप विरामीका १४.७९ प्रतिशत, मधुमेह विरामीको ८.८७ प्रतिशत, दमको विरामी भएको  ८.८७ प्रतिशत रहेका र कुनै पनि मुटु रोगको २.९५ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा सुगर, प्रेशर, दम, मुटु सम्बन्धी रोग लागेका नियमित औषधी खाइरहेकोले कुनै खालको खतरा नदेखिएको तर औषधी निःशुल्क नभएकोले गर्दा भत्ताको सबै रकम औषधीमा नै खर्च हुने गरेको बताएका थिए । दीर्घ रोग नलागेका उत्तरदाताहरूले भने ठूलो खालको नियमित औषधी खानु पर्ने रोगले नछोएको, अहिलेसम्म स्वास्थ्य परीक्षण पनि नगरेको, ग्याष्टिक, हातखुट्टा दुख्ने, आँखा दुख्ने, चिलाउने, कान दुख्ने जस्ता विभिन्न खालको समस्याले बेला बेला दुःख दिने थिए । गाउँघरमा अस्पताल नभएको कारण विरामी भए पनि रोग पत्ता नलागेर अकालमा नै मृत्यु हुन पर्ने सम्भावना प्रवल मात्रामा भएको  थियो ।

## ५.९ सामाजिक सुरक्षा भत्ताको बचतको अवस्था

वर्तमानको आवश्यकतालाई पूरा गरी भविष्यमा भैपरि आउने आवश्यकताहरू पूरा गर्नको लागि छुट्याएर राखिएको रकमलाई वचत भनिन्छ । जेष्ठ नागरिक सामाजिक सुरक्षा

भत्ता वृद्धहरूको लागि आधारभूत आवश्यकताहरू पूरा गर्नलाई प्रदान गरिएको रकम हो । वचत गर्नलाई नभए तापनि परिवारमा राम्रो साथ सहयोग भएको वुद्धहरूले वचत पनि गरेको

पाइन्छ । सामाजिक सुरक्षा भत्ताबाट गरेका वचत अवस्थालाई तालिका नं. ५.९ मा प्रस्तसत गरिएको छ ।

**तालिका ५.९ : सामाजिक सुरक्षा भत्ता बचतको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| वचत नहुने | १२६ | ७४.५५ |
| वचत हुने | ४३ | २५.४४ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्कअनुसार भत्ताको वचत नहुने७४.५५ प्रतिशत र वचत हुने २५.४४ प्रतिशत रहेको छ । यसरी हेर्दा भत्ता वचत गर्छु केहीले आफू मरेपछि काजक्रिया गर्नको लागि दुःख नहोस् भनेर अहिले नै दुःख काटेर वचत गरेको भने, केहीले छोराछोरीले सबै कुरामा सहयोग गर्ने भएकोले भत्ताको पैसा वचत गर्ने गरेको र केहीले थोरै रकम लिएर कुनै काम नसम्हाल्ने भएकोले जम्मा गरी राखेका थिए । वचत गर्दिन भन्ने केहीले सामान्य खाना खान पुगेको तर वचत गर्न नपुगेको देखिन्छ ।

## ५.१० घरायसी निर्णय प्रक्रियामा जेष्ठ नागरिकको संलग्नता

समाज पुरूष प्रधान भएका कारण सामान्य निर्णय प्रक्रिया परिवारमा पुरूषले नै निर्णय गर्ने गरेको पाइन्छ । त्यसै गरी निर्णय प्रक्रिया घरको मुली व्यक्तिले गर्ने गर्दछ । जसले घरको सम्पूर्ण पक्षको जिम्मेवारी लिएर घरपरिवार संचालन गरेको हुन्छ र निर्णय लिने र दिने

गर्दछ । अध्ययन क्षेत्रमा घरायसी निर्णय प्रक्रियामा जेष्ठ नागरिकको संलग्नताको अवस्थालाई तालिका नं. ५.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१० : घरायसी निर्णय प्रक्रियामा जेष्ठ नागरिकको विवरण**

| निर्णय प्रक्रिया | संख्या | प्रतिशत |
|---|---|---|
| उत्तरदाता स्वयम् | ६१ | ३६.०९ |

| | | |
|---|---|---|
| छोरा/बुहारी | ५१ | ३०.१७ |
| पति/पत्नी दुब | ३० | १७.७५ |
| अन्य | २७ | १५.९७ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाकोतथ्याङ्कअनुसार घरायसी निर्णय गर्ने प्रक्रियामा उत्तरदाता आफैले निर्णय गर्ने ३६.०९ प्रतिशत, छोरा/बुहारी दुवैले निर्णय गर्ने३०.१७ प्रतिशत, पति/पत्नी दुवैले निर्णय गर्ने३०.१७ प्रतिशत र अन्यले निर्णय गर्ने१५.९७ प्रतिशत रहेको पाइयो । अन्यमा चाहिँ भाइबुहारी, छोरीज्वाई, नातिनातिनी आदिलाई लिईएको छ । यसरी हेर्दा आफैले निर्णय गर्नेको संख्या सबैभन्दा बढी र सबभन्दा कम छोराबुहारी दुवैले गर्ने छन् ।

## ५.११ दैनिक जीवनमा सहयोगी आवश्यकता

वृद्ध अवस्था शारीरिक रूपमा कमजोर हुँदै जाने अवस्था हो । जसको कारण शरीरमा विभिन्न खालको समस्याहरू दिनानुदिन थपिदै जाने गर्दछ । त्यसैले जेष्ठ नागरिकहरूले आफ्नो दैनिक गर्ने क्रियाकलापहरू आफै गर्न नसक्ने भएकोले अरूको सहयोगको आवश्यकता

पर्दछ । अध्ययन क्षेत्रमा रहेका जेष्ठ नागरिकहरुको लागि सहयोग गर्नु पर्ने वा सहयोग गर्नु नपर्ने उत्तरदाताहरुको अवस्थालाई तालिका नं. ५.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.११ : दैनिक जीवनमा सहयोगी आवश्यकताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सहयोग गर्नु नपर्ने | १४० | ८२.८४ |
| सहयोग गर्नु पर्ने | २९ | १७.१५ |
| जम्मा | १६९ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसार दैनिक क्रियाकलापमा सहयोग गर्नु नपर्ने ८२.८४ प्रतिशत र दैनिक क्रियाकलापमा सहयोग गर्नु पर्नेको संख्या १७.१५ प्रतिशत रहेको छ । यसरी हेदा दैनिक क्रियाकलापमा सहयोग गर्नु पर्ने भन्दा दैनिक क्रियालापमा सहयोग गर्नु नपर्ने बढी रहेको पाइन्छ । सहयोग गर्नु पर्ने मध्ये केही उत्तरदाताहरूलाई खाना खुवाइदिनु पर्ने, नुहाउनलाई सहयोग गर्नु पर्ने, कपाल कोरीदिनु पर्ने र चर्पी जानलाई सहयोग गर्नु पर्ने

रहेको र सहयोग गर्न नपर्ने प्रायःजसो आफ्नो काम आफै गर्न सक्ने स्वास्थ्यको अवस्था पनि सामान्य रहेको पाइन्छ ।

## ५.१२ मासिक औषधी सेवनमा खर्च

मानिसलाई दिर्घकालिन रोग लागेपछि नियमित रूपमा औषधी सेवन गरेर रोगलाई नियन्त्रण गर्नु पर्ने हुन्छ । अनुसन्धानको क्रममा दीर्घरोग लागेको उत्तरदाताहरूको आफूले नियमित रूपमा औषधी सेवन गरेको कुरा बताएका थिए । अध्ययनको मासिक औषधि उपचारमा हुने खर्च र नियमित औषधिमा खर्च नहुनेको अवस्थालाई तालिका नं. ५.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१२ : मासिक औषधी सेवनमाखर्चको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| खर्च नहुने | ९८ | ५७.९८ |
| ५०० देखि १००० | ३६ | २१.३० |
| ११०० देखि १५०० | २० | ११.८३ |
| १६०० देखि माथि | १५ | ८.८७ |
| **जम्मा** | **१६९** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्कअनुसार नियमित खर्च नहुनेको ५७.९८ प्रतिशत, ५०० देखि १००० सम्म खर्च हुने२१.३० प्रतिशत, ११०० देखि १५०० औषधीमा खर्च हुने११.८३ प्रतिशत र१६०० देखि माथिकालाई मासिक रूपमा औषधीमा खर्च नहुने८.८७ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा दीर्घकालिन रोग लागेर औषधी नियमित सेवन गर्ने कोही सुगरको मात्र औषधी सेवन गर्ने, कोही प्रेशरको मात्र औषधी सेवन गर्ने, कोही मुटुको मात्र औषधी सेवन गर्ने, कुनै कुनैले सुगर प्रेशर दुवैको औषधी खाने र कुनै कुनै चाहिँ मुटु, सुगर र प्रेशरको औषधी सेवन गर्ने पनि रहेको पाइयो, सोही अनुसार औषधीको रकम खर्च हूने गरेको बताएका थिए । औषधी नियमित रकम खर्च नहुने उत्तरदाताहरूले भने दीर्घकालिन रोग लागेर नियमित औषधी सेवनको लागि रकम खर्च नहुने भए तापनि कहिले काहिँ सामान्य बिरामी हुने भएकोले त्यसको लागि खर्च हुनेथियो ।

## ५.१३ ज्येष्ठ नागरिकको दैनिकी

वृद्ध अवस्था भनेको शारीरिक रूपमा अशक्त हुँदै जाने अवस्था भएकोले परिश्रम गर्न नसक्ने अवस्था भएको हुन्छ । घरको परिवार आ-आफ्नो काममा व्यस्त हुनु पर्ने भएकोले जेष्ठ नागरिकहरूले एक्लो भएको महसुस गर्न सक्छन्, दिन बिताउनलाई साह्रै गाह्रो हुने गर्दछ । साथै शारीरिक रूपमा अशक्त हुने भएको कारण र हिँडडुल गर्न नसक्ने भएकोले एउटै ठाउँमा बसिरहनु पर्दा मनमा मानसिक रूपमा अस्वस्थ हुने अवस्था सृजना हुने गर्दछ। अध्ययन क्षेत्रमा जेष्ठ नागरिकको दैनिक अवस्थालाई तालिका नं. ५.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१३ःज्येष्ठ नागरिकको दैनिकी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| घरायसी काम गर्ने | ७४ | ४३.७८ |
| घर कुरेर बस्ने | ५६ | ३३.१३ |
| बारीको काममा सहयोग गर्ने | २९ | २३.०७ |
| **जम्मा** | **१६९** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७८*

तालिकाको तथ्याङ्क अनुसार घरायसी काम गर्ने गरी समय विताउने४३.७८ प्रतिशत,घर कुरेर बस्नेको ३३.१३ प्रतिशत र बारीको काममा सहयोग गर्नेको २३.०७ प्रतिशत रहेको छन् । खेतीपातीको काममा सहयोग गरेर समय बिताउने गाउँघरमा खेतीपाती तथा कृषिमा निर्भर भएकोले काम धेरै गर्नु पर्ने हुन्छ त्यसैले आफ्नो बलले भ्याएसम्म खेतीपातीको काम गर्ने गरेको साथै काम गर्दा समय विताउन सजिलो हुने पनि थियो । धेरै जसो घरपरिवारका सदस्यहरू खेतीपातीको काम गर्नको लागि बाहिर जानु पर्ने भएकोले घरमा सामन्य घरायसी काम गरेर बिताउने गरेको बताएका थिए । घर कुरेर बस्ने चाहिँ आफ्नो शारीरिक तथा मानसिक अशक्तता भएकोले खेतीपातीको काम र घरायसी काम गर्न नसक्ने हुँदा दिनभरि घरमा एक्लै बसेर घर कुर्ने काम मात्र भएको जसको कारण मानसिक तनाव हुने थियो ।ज्येष्ठ नागरिकको दैनिकीलाई थप स्पष्ट गर्न वैयक्तिक नं. ३ मा प्रस्तुत गरिएको छ ।

## *वैयक्तिक विवरण –३*

*मेरो नाम कुसाङ गुरुङ (नाम परिवर्तन)हो । मेरो उमेर ८६ बर्ष भयो । म निरक्षर छु । मेरो सन्तान एकजना छोरी र तीन छोरा जना गरी जम्मा चार जना छन् । श्रीमान इन्डियन आर्मीको हवल्दारको पदको पेन्सन खानुहुन्छ गएको चौमासिक सम्म त श्रीमान्ले तनि भत्ता पाउनु हुन्थ्यो तर अहिलेबाट वाहिरको पेन्सन खानेलाई सरकारले भत्ता नदिने भनेकोले यो पटकवाट पाउनु भएन मेरो मेरो छोरा छोरी सबैको विवाह भइसक्यो छोराहरु सवै ले आ आफ्नो व्यवस्था गरी वसेका छन् भने म जेठो छोरा बुहारी सगँ बस्दै आएको छु र छोरी तनि विवाहित भएता पनि ीमान विति सकेकोले उसको पनि २ वटा छोराहरु छन् छोरी भने कमाउनको लागी कोरिया मा गएकी छ धेरै वर्ष भयो माईलो छोराबुहारी सपरिवार नै हङकङमा नै वस्दै आएका छन् जेठो छोरा र कान्छो छोरा पनि विदेशमा नै छन् घरमा वुहारी र नातीनातिना हरु छन् सवै नाती नातिनीहरुले अध्ययन गदै छन् मेरो परिवारको आर्थिक स्थिती राम्रो नै छ आजभोली मेरो श्रीमान् पनि अलि अस्वथ्य हुनुहुन्छ अस्ति भर्खरै अप्रेशन गरेको हो मेरो स्वास्थ्य अवस्था भने घुडा दुख्छ कान नसुन्ने भएको छ साथै आँखा पनि त्यति नदेख्ने समस्या हुदै गएको छ ।*

*छोराहरु छुटिएको भएता पनि पैसाको आवश्यकता पर्‍यो भने सवै छोराहरुले दिन्छन मेरो श्रीमान् पुजापाठ दिनदिनै गर्नुहुन्छ भने म आफूले सकेको गर्दछु अरु वलको कुनै पनि काम गर्न सक्दैन नातीनातीनाले मेरो आफ्नो वाजेको कपडा सवै धोई दिन्छन् घरकोसफाई पनि गर्छन तर वुढावुढी हुदै गयो भने शरिर नै अर्कोको हो कि जस्तो हुँदो रहेछ परिवारमा सवैले एकदम माया ममता तथा सन्मान गरेता पनि दुख भएको महशुस हुँदो रहेछ मैले घरको कुनै पनि व्यवहार मिलाउनु पर्दैन सवै वुहारी नै गर्दछन् कहिले कहि विरामी भएको खण्डमा सवै छोराछोरीले मिलेर उपचार गर्दछन भने मैले पाएको ज्येष्ठ नागरिक सामाजिक सुरक्षा धत्ता यसो नातिनातिलाई दिन्छु दाजसभाईलाई*

# अध्याय : छ

# सारांश र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

सरकारले दिने जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता अन्तर्गत पर्ने जेष्ठ नागरिक भत्ताप्रतिजेष्ठ नागरिकको दृष्टिकोण बारेमा केन्द्रित रहेको छ । अध्ययनको मुख्य उद्देश्य जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताले जेष्ठ नागरिकमा पारेको सामाजिक तथा आर्थिक प्रभावको अध्ययन गर्ने र जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता प्रतिको दृष्टिकोणको विश्लेषण गर्ने हो । अध्ययन कास्की जिल्लाको गैह्रापाटन वडा नं. ०४ अन्तर्गत गोपालजी मार्ग, रामकृष्ण टोल, गणेशटोल, सर्वेश्वर मार्ग, फुटसल, आदर्श मार्ग, बुढानीलकण्ठ र फिर्केपुल क्षेत्रका नेपाल सरकारले वितरण गर्ने सामाजिक सुरक्षा भत्ताको सुविधा लिने जेष्ठ नागरिक १६९ घरधुरीलाई उत्तरदाताहरूको रूपमा लिएर जनगणना विधिद्वारा तथ्याङ्क संकलन गरिएको छ ।

प्रस्तुत अध्ययनको उद्देश्य प्राप्त गर्नका लागि सीमित अध्ययन क्षेत्रका जेष्ठ नागरिकहरूसँग प्रत्यष घरघरमा गएर भेटघाट गरी अन्तर्वाता, वैयक्तिक अध्ययन, अवलोकन विधि र मुख्य सूचनादातासँगको छलफल आदि विधिको प्रयोग गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ। द्वितीय तथ्याङ्क संकलन विधिको रूपमा पत्रपत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेख, रचना र शोधपत्रबाट तथ्याङ्क संकलन गरिएको छ ।अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक अनुसन्धान ढाँचा अपनाईएको छ । गुणात्मक र संख्यात्मक प्रकृतिद्वारा तथ्याङ्क संकलन गरी तालिकाको माध्यमबाट तथ्याङकको प्रस्तुतीकरण र आवश्यकता अनुसार तथ्याङ्क वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

अध्ययनमा बुढ्यौली सम्बन्धी समाजशास्त्रीय सिद्धान्त, उमेरगत सिद्धान्तलाई मुख्य रूपमा अध्ययनसँग सम्बन्धित गरिएको थियो । वृद्ध अवस्था उमेर बढ्दै जाने एउटा निरन्तर जैविक प्रक्रिया भएका कारण यस अवस्थामा मानिस शारीरिक तथा मानसिक रूपमा कमजोर हुँदै जान्छ । जसको कारण दिन प्रतिदिन वृद्धहरूको समस्या जटिल बन्दै गइरहेको अवस्था छ । घरपरिवारको अत्यन्तै धेरै सहयोग हेरचाह माया-ममता चाहिने बेला भएकोले सोही अनुसारको आशा गर्ने गर्दछन् । नेपाल सरकारले वि.सं. २०५१ सालबाट जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यव्य लागु गरेको हो । अध्ययनको क्रममा

जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको कारण आफ्नो सामान्य घर व्यवहार चलाउनलाई सजिलो भएको छ ।

## ६.२ मुख्य प्राप्तिहरू

- लैङ्गिक स्थिति हेर्दा महिलाहरूको संख्या ६२.१२ प्रतिशत र पुरूषहरूको संख्या ३७.८६ प्रतिशत रहेको पाइयो । साथै उमेरगत विवरण, ७०-७५ उमेर समूहका संख्या ५०.८८ प्रतिशत, ७६-८० उमेर समूहका संख्या ३५.५ प्रतिशत, ८० वर्ष देखि माथिका उमेर समूहका संख्या १३.६ प्रतिशत रहेको छ ।
- शैक्षिक स्थिति, निरक्षर ६९.२२ प्रतिशत र साक्षर ३०.७६ प्रतिशत रहेको पाइयो ।
- वैवाहिक स्थिति हेर्दा विवाहित पुरूषहरूको संख्या २७.८१ र विवाहित महिलाहरूको संख्या २३.६६ प्रतिशत, अविवाहित पुरूषको संख्या १.१८ प्रतिशत, अविवाहितहरूको संख्या २.३६ प्रतिशत, विदुरहरूको संख्या ८.८७ प्रतिशत र विधुवाहरूको संख्या ३६.०९ प्रतिशत रहेको छ ।
- जातजातिगत स्थिति, ब्राहमण उत्तरदाताहरूको संख्या ४४.३७ प्रतिशत, नेवारहरूको संख्या ३९.०५ प्रतिशत, क्षेत्रीको संख्या ८.८७ प्रतिशत, कामीहरूको संख्या ०.५९ प्रतिशत, दमाईको संख्या २.२६ प्रतिशत, थकालीहरूको संख्या ०.५९ प्रतिशत , गुरूङ हरूको संख्या १.१८ प्रतिशत र मुसलमानको संख्या २.३६ रहेको छ ।
- धार्मिक स्थिति हिन्दु धर्म मान्नेको संख्या ८८.७५ प्रतिशत वौद्ध धर्म मान्नेहरूको संख्या ८.८७प्रतिशत र इसाई धर्म मान्नेको संख्या २.३६ प्रतिशत रहेको पाइन्छ ।
- १ देखी ४ जना सम्म परिवारमा परिवारका सदस्यहरूको संख्या ४७.३३ प्रतिशत, ५ देखी ८ जना को संख्या ५०.२९ प्रतिशत र ९ जना माथिका परिवारका सदस्यको संख्या २.३६ प्रतिशत रहेको छ ।
- ज्येष्ठ नागरिकको वसोवास तथा संरक्षकत्व गर्न छोरा वुहारीसगँको संख्या ५०.२९ प्रतिशत,श्रीमान् श्रीमतीको संख्या २३.६६ प्रतिशत, एक्लै वस्नेको संख्या १४.२० प्रतिशत र छारी ज्वाँईसगँ वस्नेको संख्या ११.८३ प्रतिशत रहेको छ ।
- आम्दानीको स्रोतको विवरण, सामाजिक सुरक्षा भत्ता मात्रैहुने संख्या ५२.६६ प्रतिशत,भत्ता र आय स्रोतहुनेको संख्या ३५.५० प्रतिशत र वैदेशिक रोजगार हुने११.८३ प्रतिशत रहेको पाइयो ।

- दैनिकी पुजापाठ नगर्ने पुरूषको संख्या २६.६२ प्रतिशत,महिलाहरूले पनि पुजापाठ नगर्नेको संख्या ३८.४६प्रतिशत,दैनिक पुजापाठ गर्ने पुरूषहरूको संख्या ११.२४ प्रतिशत र महिलाहरूको संख्या ३३.६६ प्रतिशत रहेको छ ।
- एक्लोपन नहुने पुरूषहरूको संख्या २४.२६ प्रतिशत,महिलाहरूको एक्लोपन नहुनेसंख्या ३६.०९ प्रतिशत, एक्लोपन हुने पुरूषहरूको संख्या १३.६० प्रतिशत र महिलाहरूको एक्लोपन हुनेको संख्या २६.०३ प्रतिशत देखिन्छ ।
- सुखी र खुशी रहन परिवारको सदस्यको भुमिका सम्वन्धित विवरण,माया ममता हुनेहरूको संख्या ३७.२७ प्रतिशत,आर्थिक प्रदान गर्नेहरूको संख्या २४.२६ प्रतिशत,सहयोगी बोली को व्यवहार प्रस्तुत गर्नेहरूको संख्या २२.४८ प्रतिशत र स्यारसुसार राम्रो खुशीहुनेको संख्या १५.९७ प्रतिशत रहेको छ ।
- वासस्थानको अवस्था हेर्दा जन्मथलोको संख्या ७६.३३ प्रतिशत र वसाईसरेरआएको संख्या २३.६६ प्रतिशत रहेको पाइयो ।
- ज्येष्ठ नागरिकहरूको पाईभेट अस्पतालमा जानेको संख्या ६४.४९ प्रतिशत,स्वास्थ्य चौकी /सहरीस्वास्थ्य केन्द्र/ सरकारी अस्पतालको संख्या १८.३४ प्रतिशत, झारफुकतथा घरेलु संख्या ८.८७ प्रतिशत र स्वास्थ्य संस्था नजानेको संख्या ८.२८ प्रतिशत रहेको देखिन्छ ।
- उमेरगत स्थिति ७०-७५ वर्षका ५०.८८ प्रतिशत,७६-८० वर्षका ३५.५प्रतिशत र ८१ वर्ष देखि माथिका १३.६ प्रतिशत उत्तरदाताहरू रहेको पाइयो । यसै गरी लैङ्गिक आधारमा हेर्ने हो भने महिला उत्तरदाताहरूको संख्या ६२.१२ प्रतिशत र पुरूष उत्तरदाताहरूको संख्या ३७.८६ प्रतिशत रहेको छ ।
- उत्तरदाताहरूको आम्दानीको स्रोतको विवरण, भत्ता र कृषि आय स्रोत हुने उत्तरदाताहरको संख्या ३५.५० प्रतिशत भत्ता मात्रै हुने ५२.६६ प्रतिशत र वैदेशिक रोजगार हुने ११.८३ प्रतिशत रहेको छ ।
- जेष्ठ नागरिक सम्मान सम्बन्धी धारणा, छोराछोरीले माया सम्मान गर्ने उत्तरदाताहरूको संख्या ३६.६८ प्रतिशत, नातिनातिनीले सम्मान गर्ने उत्तरदाताहरूको संख्या ३०.७६ प्रतिशत, आफन्तले माया सम्मान गर्ने उत्तरदाताहरको संख्या १८.३४ प्रतिशत, समाजले माया सम्मान गर्ने उत्तरदाताहरूको संख्या १४.२० प्रतिशत देखिन्छ ।

- कृषि पेशा गर्ने उत्तरदाताहरूको संख्या २६.६२ प्रतिशत, जागिर गर्ने उत्तरदाताहरूको संख्या २६.६२ प्रतिशत, व्यापार गर्ने उत्तरदाताहरूको संख्या २९.५८ प्रतिशत र अन्य विभिन्न खालको पेशा गर्ने उत्तरदाताहरूको संख्या १७.०५ प्रतिशत रहेको छ ।
- ५ वर्ष सम्म कम भत्ता पाएका उत्तरदाताहरूको संख्या ५२.०७ प्रतिशत, ५ देखि १० वर्ष सम्म कम वर्ष भत्ता पाएका उत्तरदाताहरूको संख्या ३४.३१ प्रतिशत र ११ वर्ष भन्दा माथि भत्ता पाएका उत्तरदाताहरूको संख्या १३.६० प्रतिशत रहेको छ ।
- जेष्ठ नागरिकहरूलाई सरकारले वितरण गरेको भत्तालाई घर खर्चमा प्रयोग गर्ने उत्तरदाताहरूको संख्या ५७.९३ प्रतिशत, व्यक्तिगत कामको लागि प्रयोग गर्ने उत्तरदाताहरूको संख्या २०.६३ प्रतिशत र अन्य विभिन्न काममा प्रयोग गर्ने उत्तरदाताहरूको संख्या २४.४२ प्रतिशत रहेको पाइन्छ ।
- भत्ता नभएको भए उत्तरदाताहरूको जीवनमा पार्ने प्रभावको विवरण, भत्ताको व्यवस्था हुँदैन थियो भने वैदेशिक निर्वाहमा गाह्रो हुने थियो भन्ने उत्तरदाताहरूको संख्या २९.५८ प्रतिशत, पूर्ण रूपमा निर्वाहमा गाह्रो हुने थियो भन्ने उत्तरदाताहरूको संख्या ४८.५२ प्रतिशत, भगन्ते भएर खानु पर्ने थियो भन्ने उत्तरदाताहरूको संख्या ११.८३ प्रतिशत र खासै प्रभाव नपर्ने भन्ने उत्तरदाताहरूको संख्या १०.०५ प्रतिशत रहेको पाइन्छ ।
- भत्ता प्रतिको असन्तुष्टि सन्तुष्टि विवरण, असन्तुष्टि छु भने संख्या ६५.०८ प्रतिशत रसन्तुष्टि छैन भनेहरूको संख्या ३४.९१ प्रतिशत रहेको छ ।
- भत्ता वृद्धि सम्वन्धि विवरण, वृद्धि भए हुन्थ्यो जस्तो लाग्छको संख्या ७१.०० प्रतिशत वृद्धि भए हुन्थ्यो जस्तो नलाग्नेहरूको संख्या५.५३ प्रतिशत र अहिले दिएको रकम नै ठिकै छ भनेहरूको संख्या २३.६६ प्रतिशत रहेको छ ।
- सामाजिक सुरक्षा भत्ता वितरणप्रति ज्येष्ठ नागरिकको धारणामा असन्तुष्ट छु भन्नेहरूको संख्या ७३.३७ प्रतिशत र सन्तुष्टि छु भन्नेहरूको संख्या २६.६२ प्रतिशत रहेको पाइन्छ ।
- भत्ता वितरणको अवधिको धारणा, महिनै पिच्छे ठिक भन्ने ३२.५४ प्रतिशत, दुई महिना अवधि ठिक भन्ने ८.८७ प्रतिशत, तीन महिना अवधि ठिक भन्ने १८.३४ प्रतिशत र चार महिना अवधि नै ठिक भन्ने ४०.२३ प्रतिशत रहेको देखिन्छ ।
- ज्येष्ठ नागरिक राज्यसँगको अपेक्षा विवरण, भत्ता गाउँघरमा वितरण गरिनेको संख्या ३२.५४ प्रतिशत, अन्य विभिन्न नियम ल्याइदिए हुन्थ्यो भन्नेको संख्या २६.०३ प्रतिशत, निःशुल्क औषधि व्यवस्था घरघरमा संख्या भन्नेको संख्या २३.६६ प्रतिशत र भत्ता नकटाई दिने संख्या १७.७५ प्रतिशत रहेको पाइयो ।

- भत्ता बुझ्न गाउँमा नै सजिलो लाग्ने उत्तरदाताहरूको संख्या ८२.८४ प्रतिशत, बैंकमा नै सजिलो लाग्ने उत्तरदाताहरूको संख्या १७.१५ प्रतिशत रहेको छ ।
- परिवार र समाजले हेर्ने दृष्टिकोण, ऋण उधारो पत्याउँछन् भन्नेहरूको संख्या १४.७९ प्रतिशत, परिवार तथा समाजबाट माया-ममतामा वृद्धि भएको छ भन्नेहरूको संख्या ५६.९८ प्रतिशत, विश्वास गर्दछन् भन्ने उत्तरदाताहरूको संख्या २७.२१ प्रतिशत रहेको छ ।
- भत्ता वचत सम्बन्धी विवरण, वचत गर्ने २५.४४ प्रतिशत वचत नगर्ने भन्ने ७४.५५ प्रतिशत रहेको छ ।
- जेष्ठ नागरिकको दिनचर्या विवरण, खेतीपातीको काममा सहयोग गरी समय विताउनेरूको संख्या २३.०७ प्रतिशत, घरायसी काम गरेर समय विताउनेहरूको संख्या ४३.७८ प्रतिशत, घर कुरेर बसी समय विताउनेको संख्या ३३.१३ प्रतिशत रहेको पाइयो ।


## ६.३ निष्कर्ष

अध्ययनको मुख्य विषय जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको उपयोगिताको बारेमा अध्ययन गर्नु रहेको थियो । वृद्ध अवस्थामा मानिसहरू शारीरिक र मानसिक दुवै रूपमा अवस्थामा रहेको हुनाले उत्तरदाताहरूले कृषिको काममा कम सक्रिय रहेको र सामान्य घरायसी काममा रहेको हुनाले उत्तरदाताहरूले कृषिको काममा कम सक्रिय रहेको र सामान्य घरायसी कामममा आफ्नो दिनचर्या बिताई रहेका छन् । आम्दानीहरूको स्रोत नभएको उत्तरदाताहरूको लागि सामाजिक सुरक्षा भत्ता एक मुख्य आम्दानीको रूपमा देखिएको छ किनभने आफ्नो जीवन निर्वाहको सम्पूर्ण भार भत्ता नै रहेको छ ।

अवलोकनको क्रममा परिवारमा कोही पनि नभएको एक्लै बस्ने उत्तरदानाहरूले भत्ताले आफ्नो दैनिकी गुजरा चलाएको पाईयो । कुराकानी तथा सोधपुछको क्रममा उत्तरदाताहरू बृद्ध अवस्थामा भएको भएतापनि नियमित औषधी सेवन गर्ने भन्दा नियमित औषधी सेवन नगर्नेहरू बढी पाईयो । स्वास्थ्य संस्थाको असुविधा भएको कारण विरामी पर्दा जचाउन जान पनि असुविधा भएकोले कोही उत्तरदाताहरूले त अहिलेसम्म स्वास्थ्य संस्था नदेखेको बताएका थिए । तर नियमित औषधी सेवन गर्नेहरू मध्ये धेरैजसोले औषधीमा नै भत्ता खर्च हुने भएकाले जेष्ठ नागरिकहरूको लागि नियमित स्वास्थ्य जाँच र औषधीहरू निःशुल्क उपलब्ध गराएमा अझै सहज हुने कुरा पाइन्छ ।

नेपाल सरकारले भत्ताको व्यवस्थापन गरेपछि वृद्धहरू आर्थिक रूपमा र सामाजिक रूपमा बलियो हुन पाएका छन् जसले गर्दा आफ्नो परिवारको सदस्यले गर्ने व्यवहारमा, माया ममता र सम्मानमा परिवर्तन भएको छ । परिवारको सदस्यहरू कोही नभएतापनि

आफ्नो जीवन गुजरा गर्नको लागि भिख माग्न गरको छैन । सामाजिक सुरक्षा भत्ता प्रदान प्रति उत्तरदाताहरू सन्तुष्टि नै रहेको पाईयो भने भत्ता वितरण प्रक्रियाप्रति असन्तुष्टि रहेको पाईयो । परिवारले सहयोग गर्ने तथा आर्थिक रूपमा सम्पन्न व्यक्तिहरूले मात्र बैंकमा वितरण गर्ने प्रक्रियामा सन्तुष्टि रहेको पाइन्छ ।




Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## सन्दर्भग्रन्थ सूची


अधिकारी, किशोर (२०१३), स्टेट अफ स्याटिसफ्याक्शन अफ ओल्ड एज पिपुल इन द फेमेली, डिपाटमेअफ सोसियो एण्ड एनथोपोलोजि ,पृथ्वी नारायण क्याम्पस पोखरा ।

महत, कटक बहादुर (२०६२) , ज्येष्ठ नागरिकको हेर विचार तथा सहयोगका सवाल, वृद्ध आवाज प्रकाशक, पोखरा वृद्धाश्रम ।

प्रधान, छत्र (२०६५), नयाँ संविधानमा ज्येष्ठ नागरिक, कान्तिपुर राष्ट्रिय दैनिक, पुस ३, विहिवार ।

प्रधान, छत्र  (२०६५), ज्येष्ठ नागरिकको चिन्ता, कान्तिपुर राष्ट्रिय दैनिक, मंसिर १६, विहिवार ।

यादव, रामवरण (२०६९) , अन्तराष्ट्रिय वृद्ध दिवस अन्नपुर्ण पोष्ट, असोज १६ ।

ज्ञवाली, राम प्रसाद (२००५), ज्येष्ठ नागरिकको सवाल सबैको सरोकार,१५ औँ अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस अक्टोवर १ को सर्न्दभमा प्रस्तुत मस्यौदा ।

विष्ट, प्रेमसिंह ( २००१), टुवार्ड वयलकियर अफ द विथ रिफन्स नेपाल, पपुलेशन एण्ड डेभलपमेन्ट इन नेपाल ।

पराजुली, विश्वकल्याण (२०६५), ज्येष्ठ नागरिकको बूढ्यौलिले निम्त्याएको सामाजिक सवालहरु, अन्तराष्ट्रिय दिवसको अवसरमा आयोजित गोष्ठिमा छलफलका लागि प्रस्तुत मस्यौदा ।

यादव, रामवरण (२०६९), अन्तर्राष्ट्रिय वृद्ध दिवस अन्नपूर्ण पोष्ट, असोज १६ ।

रा.स.स. (२०६९), दुई तिहाई वृद्धहरू विकासशील देशमा, गोरखापत्र, असोज १० ।

ज्ञवाली, राम प्रसाद (२००५) जेष्ठ नागरिकको सवाल सबैको सरोकार, १५औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिका दिवस, अक्टोबर १ को सन्दर्भमा प्रस्तुत मस्यौदा ।

पौडेल, अच्युत (२०६९) जेष्ठ नागरिक सामाजिक सुरक्षाको दृष्टिमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय पृथक छापाखाना, मनमैजु काठमाण्डौं ।

शर्मा अमृता (२०६९), आश्रममा वृद्धवृद्धाहरूको जीवनशैली, समाजशास्त्र / मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस, पोखरा ।

www.dopm.gov.npजेष्ठ नागरिक सम्बन्धी ऐन २०७२ ।

Chalise, HN2006 Demographic Situation Of Population Ageing In Nepal Kathmandu University Medical Journal

Dahal, Bhola(2007) Elderly People In Nepal What Happened after MIPPA 2007, Nepal Participatory Action Network UNSCAP 2007.

Doranga, Tank (2007) The socio-Economic Constrains Of Older People Health Condition Unpublished Master Thesis p.u Nepal.

Parker, Sara, Khatri,Rose, Cook, Gian, and Pant[2] Bijan (2014), Theorizing Aging in Nepal: Beyond the Biomedical Model; Canadian Journal of Sociology/ Cashiers Canadiens Sociologie 39, (2)

Shrestha, L (2012) Genatric Health in Nepal Concerns and Experience, Department of Community Medicine, Nepalese Army Institute of Health Science, Kathmandu Nepal.

Ashher G Mukul And Kimura Fukunari (2015), Strengthening Social Protection in East Asia, Routledage Tyloa & Fransis Group, London And New York.

Irudaya S. Rajan, (2008), Social Security For the Elderly, Experiences From South Asia, Routledge Tyloar & Francis Group, New Delhi.

## अनुसूची : एक

सामाजिक सुरक्षा भत्ताप्रति ज्येष्ठ नागरिकको

जीवनयापनमा परेको प्रभाव

पोखरा महानगरपालिका वडा नं.०४ गैह्रापाटनको एक अध्ययन

## अन्तरवार्ता अनुसुची

१. उत्तरदाताहरुको व्यक्तिगत विवरण

नाम र थर ................................

लिङ्ग..........................................

जात.........................................

धर्म..........................................

ठेगाना.............................जिल्ला........................वडा

२.शैक्षिक स्थिति

क) साक्षर ☐ ख) निरक्षर ☐

३. वैवाहिक स्थिती

क)सदुवा ☐ अविवाहित ☐ ) विधुवा ☐ घ ) विधुर ☐

४. परिवारको सदस्य संख्या

क) महिला ☐ ख ) पुरुष ☐

५. परिवारको प्रकार

क) एकल ☐ ख )संयुक्त ☐

६. परिवारको पेशा

क)कृषि ☐ ख) व्यवसाय ☐ ग )जागिर ☐

घ) वैदेशिक रोजगार ☐ ङ )अन्य ☐

७. तपाई कोसँग बस्नु हुन्छ ?

क) छोरा / बुहारी ☐ ख) छोरी /ज्वाँई ☐

ग) एक्लै ☐ घ) अन्य ☐

८. तपाई घरमा के गरी समय विताउनु हुन्छ ?

क) वालवालिका हेरचार गरेर                  ख) घर कुरेर

ग )कृषिमा सहयोग                  घ) अन्य

९ तपाईको आम्दानी स्रोत छ ?

क)छ          ख) छैन

यदि छ भने के हो ......................

१० तपाइको मासिक आम्दानी कति छ ?

क)१००० – २०००   ख)३००० – ५०००

ग)६००० – ८०००   )९००० भन्दा माथि

११. तपाइको स्वस्थ्य कस्तो छ ?

क) राम्रो   ख) ठीकै   ग)नर   घ) अन्य

१२ तपाइ नियमित रुपमा औषधी सेवन गर्नु हुन्छ ।

गर्छु   गर्दिन

१३. नियमित औषधीमा कति रकम खर्च हुन्छ ?

क)५०० – १०००   ख) १०००– २०००

ग)२००० माथी   ) हुदैन

१४. खान खान हिडडुल गर्न व्यक्तिगत सरसफाइ गर्न अरुको सहयोग आवश्यक पर्छ कि पर्दैन ।

क) पर्छ       ख) पर्दैन

१५. के तपाइ विहान साँझमा पुजापाठ गर्नु हुन्छ ?

क) गर्छु   ख) गर्दिन

१६. के तपाइ तिर्थस्थल जानु हुन्छ ?

क) जान्छु   )जादिन

१७. टाढा टाढाको तिर्थ घुमघाम गर्न जान मन लाग्छ कि लाग्दैन ?

क) लाग्छ   लाग्दैन

१८. वृद्ध भत्ताबाट प्राप्त रकमलाइ धार्मिक स्थलमा गएर दान अर्थात भेटी चढाउनु हुन्छ ?

क) चढाउछु   ख) चढाउदिन

१९. चाड पर्वमा दक्षिणा गर्नको निम्ति भत्ताको प्रयोग गर्नु हुन्छ ?

क) गर्छु   ख) गर्दिन

२०. बाटो निर्माण पाटिपौवा निर्माण, मठ मन्दिर इत्यादि सामाजिक कार्यमा भत्ताको प्रयोग गर्नु हुन्छ ?

क) गर्छु   ख)गर्दिन

२१. तपाइले भत्ता आफै खर्च गर्नु हुन्छ कि परिवारलाइ दिनु हुन्छ । ?

क) आफै खर्च गर्छु ☐ ख) परिवारलाइ दिन्छु ☐

२२.जेष्ठ नागरिक सामाजिक सुरक्षा (बृद्ध भत्ता) ले तपाइका न्युनतम आवश्यकता परिपुर्ति गरेको छ त ?

क) छ ☐ ) छैन ☐

२३. सरकारले दिने मासिक भत्तामा तपाइ सन्तुष्टि हुनुहुन्छ ?

क) छु ☐ ख) छैन ☐

२४. वृद्ध भत्ता वढे हुने थियो जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ ☐ ) लाग्दैन ग) ठिकै ☐ घ) अन्य ☐ ☐

२५. भत्ता जोगाएर केहि (गरगहना)लगाउनु रहर छ कि छैन ?

क) छ ☐ ख) छैन ☐

२६. सरकारले बृद्धबृद्धाहरुलाइ हेरचाह गर्न आश्रम निर्माण गरेर राख्ने व्यवस्था भए हुन्थ्यो जस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ ☐ ख) लाग्दैन ☐

२७. एक्लोपन महशुष हुदा कहिले काहि बृद्ध आश्रम गएर वस्न पाए नि हुन्थ्यो जस्तो लाग्छ ?

क) लाग्छ ☐ ख)लाग्दैन ☐

२८. जेष्ठ नागरिक अधिकार सँग सम्वन्धि के कस्ता ऐनहरु (नियम कानुन) बनेका छन हजुरलाइ थाहा छ ?

क) छ ☐ ख) छैन ☐

२९. वृद्ध भएर बाच्न गाह्रो छ?

क) छ ☐ ख) छैन ☐

३०. तपाइ बृद्ध भत्ता बचत गर्नु हुन्छ ?

क) गर्छु ☐ ार्दिन ग)पुग्दैन ☐ ☐

३१. तपाइको चुरेट, सुर्ति, मादक प्रदार्थ सेवन गर्ने वानी छ ?

क) छ ☐ ख) छैन ☐

३२. तपाइलाइ भत्ता वितरणको अवधि कति कति महिनामा वितरण गरे ठीक लाग्छ ?

क) महिना पिच्छे ☐ ख) दुइ महिना ☐

ग)तीन महिना ☐ घ) चौमिसिक ☐

३३. तपाईको विचारमा वृद्धवृद्धाहरु परिवारमा खुसी र सुखी रहन परिवारका सदस्यले कस्तो भुमिका निर्वाह गर्नु पर्छ जस्तो लाग्छ ?

..................................................................................................................................

.............

३४. मासिक भत्ताको व्यवस्था हुदैनथ्यो भने जिवनयापन कस्तो प्रभाव पर्ने थियो ?

..................................................................................................................................

३५. यदि मासिक भत्ताको सट्टा ज्येष्ठ नागरिकहरुको स्वास्थ्य, यातायात जस्ता सेवाहरु नि : शुल्क प्रदान गर्दा ठिक हुने थियो कि यसमा तपाईको विचार कस्तो छ ?

..................................................................................................................................

३६. ज्येष्ठ नागरिकहरुको लागी सरकारले कस्तो नियम वनाई दिए हुने थियो लाग्छ ?

..................................................................................................................................